# प्रभाव दैनिक

National Daily

वर्ष ७ | अंक २२ | काठमाडौं | सोमबार, ५ जेठ २०७७ | Prabhab National Daily, Monday, May 18, 2020 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



सारा नेपाली मिलेर, अत्याचारको विरूद्धमा लड्नुपर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यहि नै समयको माग हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


सन्दर्भ : वैदेशिक रोजगार

## कुवेतको सेल्टरमा बसेका धेरै नेपाली बिरामी

■ योगेन्द्र योगी

**दोहा–** कुवेत सरकारले दिएको आममाफीको कारण आफ्नो आवास छाडेर कुवेत विभिन्न क्याम्प तथा स्कुलमा अस्थायी रूपमा बसेका नेपालीहरू बिरामी पर्न थालेका छन् । यति बेला ३ हजार ५ सय बढी नेपाली कुवेतका विभिन्न स्थानमा अलपत्र अवस्थामा छन् ।

कुवेतको जिलिब र फर्मानिया र इराकको सीमाक्षेत्रका विभिन्न स्थानमा अलपत्र अवस्थामा रहेका नेपालीहरू उद्धारका लागि नेपाल सरकारलाई गुहारिरहेका छन् ।

ठूलो संख्यामा स्कुल तथा क्याम्पमा बसेको कारण खान, नुहाउन तथा धेरै महिलाहरू बिरामी पर्न थालेको काठमाडौंकी ज्योती पुनले बताइन् । बिरामी परे पनि अहिलेसम्म कसैको पनि स्वास्थ्य परीक्षण गरिएको छैन । उनले भनिन्, 'यहाँ धेरै दिदीबहिनीहरू बिमारी छन् अहिलेसम्म उनीहरूको स्वास्थ्य परीक्षण पनि गरिएको छैन । १८ दिन भइसक्यो कुनै अतोपत्तो छैन हामी के गर्ने कुवेतस्थित नेपाली दूताबासमा फोन गऱ्यो भने हाम्रो समस्या सुन्दैन । हामीसँगै बसेका अन्य देशका नागरिकहरू गइसके, हामीलाई कहिले पठाउँछ रु थाहा छैन ।'

कुवेतको इराकको सीमाना रहेका गुल्मीका रामचन्द्र भण्डारीले आफूहरूको अवस्था झन् नाजुक बन्दै गएको तथा खान, नुहाउनेलगायत समस्या भएको भन्दै उद्धारको लागि पहल गरिदिन आग्रह गरेका छन् ।

बाग्लुङका यमबहादुर कुमालले भने, 'अप्रिल २६ तारिखदेखि नेपाल फर्किने भनेर बसिरहेका छौँ । खै कहिले पठाउँछ थाहा छैन । यहाँ धेरै हाम्रा साथीहरू बिरामी पर्न थाली सकेका छन् ।'

उनीहरूका अनुसार चिसो खाना तथा चिसै सिमेन्टमा सुत्नु पारेको कारण पनि बिरामी बढ्न थालेका हुन् । दूताबास र एनआरएनएले पनि आफूहरूको गुनासो नसुनेको भन्दै सामाजिक संजालमार्फत आफूहरूलाई उद्धार गर्न नेपाल सरकारलाई आग्रह गरिरहेका छन् ।

यता,सरकारले विदेशमा अलपत्र नेपालीलाई प्राथमिकताका आधारमा आगामी सातादेखि फिर्ता ल्याउने तयारी गरेको बुझिएको छ । विमानबाट ल्याएपछि स्थानीय तहको क्वारेन्टाइन्ससम्म पुऱ्याउने गाडी ब्यवस्था गर्नेलगायत तयारी अन्तिम चरणमा पुगेको बताइन्छ ।

## कोरोनाबाट साउदीमा तीन नेपालीको मृत्यु

■ प्रभाव संवाददाता

**दोहा–** साउदीको जेद्दा क्षेत्रमा कोरोना संक्रमित तीन जना नेपाली श्रमिकको मृत्यु भएको छ । त्यस क्षेत्रमा संक्रमितमध्ये ३३ जना निको भएका र तीन जनाको मृत्यु भएको साउदीको जेद्दास्थित महाबाणिज्य दूताबासले जनाएको छ ।

साउदी सरकारले यसअघि दिएको जानकारीअनुसार साउदीको जेद्दा र जजानलगायत ठाउँमा गरी १ सय ४८ जना नेपाली नागरिकमा कोरोना संक्रमण भएको छ । साथै साउदीको सबै क्षेत्रमा गरी ६ सय ७४ जना नेपालीलाई कोरोना संक्रमण भएको साउदीको स्वास्थ्य र विदेश मन्त्रालयले जानकारी दिएको दूताबासले जनाएको छ ।

साउदीमा अहिलेसम्म ५२ हजार १६ जनामा संक्रमण देखिएको छ । जसमध्ये २३ हजार ६६६ जना निको भएर घर फर्किसकेका छन् भने २८ हजार ४८ जनाको अस्पतालमा उपचार भइरहको छ । अहिलेसम्म ३ सय २ जनाको मृत्यु भइसकेको छ ।

## बहराइनमा ३३१ नेपालीमा कोरोना संक्रमण

■ प्रभाव संवाददाता

**काठमाडौं–** बहराइनमा कोरोना संक्रमित नेपालीहरूको संख्या ३३१ जना पुगेको छ । आइतबार थप ८६ जना नेपालीमा कोरोना संक्रमण देखिएपछि सो संख्या पुगेको हो ।

यसअघि २४ बैशाखसम्म बहराइनमा रहेका थप २४५ जना नेपालीलाई कोभिड-१९ को संक्रमण भएको पुष्टि भएको थियो । बहराइनस्थित नेपाली दूताबासका अनुसार त्यसपछि थप ८६ जना नेपालीमा यस्तो संक्रमण भेटिएको छ । बहराइनमा तीन हजार नौ सय ७३ जना संक्रमित उपचारमा छन् दुई हजार सात सय ६२ जना डिस्चार्ज भएका छन् । तर, त्यसमध्ये कति नेपाली डिस्चार्ज भए भन्ने खुलेको छैन ।

बिरामीमध्ये धेरै स्थानीय छन् भने आप्रवासीहरूमा भारत, बंगलादेश, पाकिस्तानपछि नेपाली संक्रमितको संख्या ठूलो छ । कोरोना संक्रमणकै कारण बहराइनमा अहिलेसम्म १२ जनाको मृत्यु भएको छ ।

धेरै संक्रमण देखिएपछि बहराइनमा रहेका नेपालीहरूको परिवार नेपालमा चिन्तामा छन् । तर, बहराइनका लागि नेपाली राजदूतवासले चिन्ता लिनुपर्ने अवस्था नरहेको बताएको छ ।

दूताबासका अनुसार कामदारहरूको बासस्थानमा सामाजिक दूरी कायम गर्न नसक्दा संक्रमणको दर बढिरहेको छ । एकैस्थानमा धेरै कामदार बस्ने गरेकाले एक जनामा भएको संक्रमण अन्यमा फैलिएकाले नेपाली कामदारहरू असुरक्षित बन्न पुगेका छन् ।

अहिले बहराइनमा सेमिलकडाउन छ । धेरै कम्पनीहरू बन्द भए पनि ठूला परियोजनामा काम भइरहेको छ । बिहान र बेलुका कामदार हरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको छ । दूतावासले नेपाली कामदारहरूलाई सार्वजनिक स्थानमा जाँदा मास्क लगाउन आग्रह गरेको छ ।

मानमास्थित नेपाली दूताबासका अनुसार कतिपय कामदार भिसा अवधि सकिएर पनि नेपाल फर्किन सकेका छैनन् । उनीहरूलाई खानाको समस्या नहोस् भनेर दूतावास, स्थानीय संघसंस्था र सहायताकर्मीले सहयोग गरिरहेका छन् । बहराइन सरकारले यस्ता अवैध बन्न पुगेका कामदारलाई ३१ डिसेम्बर २०२० सम्म माफी भिसा दिने निर्णय गरिसकेको छ ।

### सरकारको नीति तथा कार्यक्रममा कांग्रेसको असन्तुष्टि

## 'पुरानै योजनाको पुनरावृत्ति'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रमुख विपक्षी दल नेपाली कांग्रेसले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममाथि असन्तुष्टि व्यक्त गरेको छ । पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले सरकारको नीति तथा कार्यक्रममाथि टिप्पणी गर्दै कोभिड-१९ ले गर्न सक्ने क्षतिबारे ज्ञान नभएको जस्तो देखिएको बताए ।

नेपाल सरकारको आव २०७७/०७८ को नीति तथा कार्यक्रमका सम्बन्धमा आइतबार प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दै देउवाले सरकारलाई जनताका दुःख बोध नभएको जस्तो देखिएको आरोप समेत लगाए । उनले भने, 'सरकारसँग यो अप्ठेरो बेला भविष्यका लागि जनता आश्वस्त हुने योजना छैन । एक वर्षे नीति तथा कार्यक्रम उद्देश्यबाट बरालिएर बहुवर्षीय योजनाको कोरा कल्पना जस्तो देखिन्छ ।'

नेता देउवाले सो अवसरमा कोरोना संक्रमणको जोखिमसँग जुधेर देशभरि अग्रपंक्तिमा काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी र सफाइकर्मीदेखि कोरोनाबाट संक्रमित नागरिक र यो महामारीका कारण दुःखमा परेका किसान, स्वदेश तथा विदेशमा रोजगारी गुमाइरहेका श्रमिक, विदेशबाट घर फर्कन चाहेका तर नपाएका अप्ठ्यारोमा परेका नागरिक, बसेको ठाउँमा राहत नपाएर सयौँ किलोमिटर हिँडेर घर जान बाध्य हजारौँ मजदुर, विद्यार्थी र बेरोजगारलाई स्मरण गरे ।

'उपचार पाउन कठिनाइमा परेका अन्य रोगका बिरामी, उद्योग व्यापार बन्द भएका साना ठूला उद्यमी व्यापारी, बिहान साँझको छाक टार्न नसक्ने अवस्थामा पुगेका मजदुर, समस्यामा परेका गरिब, अपांगता भएका व्यक्ति र एकल महिलालाई सम्झिरहेको छु' देउवाले भने, 'म परीक्षण सामग्रीको अभावमा कोरोना परीक्षणको प्रतीक्षामा बसेका नागरिक र भाइरसको महामारीले आफू र परिवारलाई कसरी जोगाउने, प्रकोप बढ्दै गए स्थिति के होला, यसले मुलुकलाई के गर्ला भनेर सन्ताप र त्रासमा बसेका नेपाली दिदीबहिनी, दाजुभाइको स्मरण गरिरहेको छु ।' उनले समयमै उपचार नपाएर कोरोनाका कारण मृत्यु भएकी सिन्धुपाल्चोककी सुत्केरी, उनको काखको शिशु र उनको परिवार सम्झिरहेको पनि बताए ।

सरकारले यी सबैलाई आफू अभिभावक भएको अनुभूति गराउनुपर्ने समय भएको भन्दै नेता देउवाले सरकारले ल्याउने नीतिले यस्ता सबै विषयलाई सम्बोधन गर्नेछ भन्ने अपेक्षा रहेको तर सरकारको नीति तथा कार्यक्रमले अर्कै सन्देश दिएको टिप्पणी गरे ।

सरकार महामारी नियन्त्रण गर्ने व्यापक तयारी गर्न चुकेको भन्दै सभापति देउवाले कोरोना देखिएको यति लामो समयपछि पनि स्वास्थ्यकर्मीको सुरक्षा उपकरणलगायत आवश्यक सामग्रीको उपलब्धताको प्रत्याभूति नहुनु, विश्वसनीय परीक्षण किटको अभाव हुनु, अस्पतालमा भेन्टिलेटरलगायत अन्य उपचार सामग्रीको आपूर्ति नहुनु, कोरोना प्रभावबाट मर्कामा परेकालाई उचित राहतको व्यवस्था नहुनु, सिमाना बाहिर बिचल्लीमा रहेका र देशभित्र र घरबाहिर पनि असहाय अवस्थामा रहेका नागरिकलाई सुरक्षित र इज्जतपूर्वक घरमा पुऱ्याउने योजना नहुनुले जनताले सरकार भएको अनुभूति गरेका छैनन् । उनले भने, 'म प्रश्न गर्न चाहन्छु सरकारले लकडाउनको यो अवधिमा के तयारी गऱ्यो ?'

स्वास्थ्य सामग्री तत्काल पर्याप्त प्रबन्ध गर्न, पिसिआर परीक्षणको दायरा व्यापकरूपले समुदायस्तरमा पुऱ्याउन, विभिन्न क्षेत्रका लागि आवश्यक राहतको व्यवस्थित प्याकेज ल्याउन र विदेशमा अप्ठ्यारोमा परेका नेपालीलाई स्वदेश फर्काएर मापदण्डयुक्त क्वारेन्टाइनमा व्यवस्थितरूपले राखेर परीक्षणपश्चात् घर पुऱ्याउने बन्दोबस्त मिलाउन उहाँले सरकारसमक्ष माग गरेका छन् ।

दुई वर्ष पहिलेका नीति तथा कार्यक्रममा उल्लेख गरिएकै कतिपय योजना र कार्यक्रम अहिले पनि पुनरावृत्ति गरिएको बताउँदै नेता देउवाले यसले नीति तथा कार्यक्रमको कार्यान्वयन फितलो भएको टिप्पणी गरे । विकासको गति गजबले अगाडि बढेको दाबी गर्ने सरकारलाई न्यून पूँजीगत खर्चको अवस्थाले जिस्काइरहेको उनको भनाइ थियो ।

राजश्वको यो वर्षको लक्ष्यसमेत नभेटिएको परिप्रेक्ष्यमा पुराना योजना पनि दोहोऱ्याउने र महामारीसँग लड्न नयाँ खर्च पनि छुट्याउने हो भने यो सबैका लागि स्रोत कहाँबाट आउँछ भन्दै नेता देउवाले प्रश्न गरेका थिए । उनीहरूलाई बैंकबाट उपलब्ध हुने पूँजी सरकारले आन्तरिक ऋण उठाउने र जथाभावी वैदेशिक ऋण लिने गलत नीतितर्फ जाने उनको आरोप छ ।

कोरोनाले मुलुकका सबै क्षेत्रलाई अत्यन्त नकारात्मक रूपले प्रभावित गरेको छ । यसका अल्पकालीन र दीर्घकालीन प्रभाव रहने बताउँदै नेता देउवाले सरकारका नीति तथा कार्यक्रम समस्या समाधानतर्फ उन्मुख नभएको बताए । उनले देशभित्र उद्योगधन्दा, निर्माण क्षेत्रमा पर्ने प्रभाव र विदेशबाट देश फर्किनेको ठूलो संख्याले बेराजगारीको समस्या भयावहरूपले बढ्ने विषयमा सम्बोधन गर्न सरकारसँग इच्छाशक्ति, क्षमता, इमान्दारी र दूरदृष्टिको नितान्त अभाव रहेको टिप्पणी गरे ।

सरकारले अहिले पनि उद्योग, रेमिट्यान्स आदि क्षेत्रमा कोरोनाबाट भएको प्रारम्भिक क्षति अनुमान गर्न नसकेको बताउँदै उनले यसले राहत पाउनुपर्ने उद्योगलाई प्रोत्साहित गर्ने विषय नीति कार्यक्रममा नसमेटिएको, सरकारसँग निर्यात बढाउने विश्वसनीय र नयाँ योजना नभएको धारण राखे ।

### नेपालमा कोरोना

## २९५ संक्रमित, २ को मृत्यु

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोनाबाट आइतबार नेपालमा थप एक जनाको मृत्यु भएको छ । बाँकेको नरैनापुर गाउँपालिकास्थित क्वारेन्टाइनमा बसेका एक युवकको आइतबार बिहान मृत्यु भएको हो । उनमा कोरोना पुष्टि भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले बताए ।

योसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या दुई पुगेको छ । यसअघि सिन्धुपाल्चोकी २९ वर्षीया सुत्केरी महिलाको कोरोनाका कारण मृत्यु भएको थियो । ती महिलाको बिहीबार राति धुलिखेल अस्पतालको निधन भएकामा शनिबार मन्त्रालयले उनीमा कोरोना पुष्टि गरेको थियो ।

यस्तै आइतबार निधन भएका युवक गत ३० वैशाख ३० मा भारतको मुम्बईबाट आएर क्वारेन्टाइनमा बसेका थिए । २५ वर्षीय ती युवकको एक्कासी स्वास्थ्यावस्था असामान्य भएपछि क्वारेन्टिनमै मृत्यु भएको गाउँपालिका नरैनापुरका स्वास्थ्य शाखा संयोजक मोइन खानले बताए । उनका अनुसार बिरामीलाई उपचारका लागि अस्पताल लैजान एम्बुलेन्स बोलाइएपनि एम्बुलेन्स पुग्नुअगावै युवकको मृत्यु भएको थियो ।

क्वारेन्टाइनमा बसेका युवकको मृत्यु भएपछि नरैनापुरवासी त्रसित हुन पुगेका छन् । जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेश श्रेष्ठले रातिदेखि स्वास्थ्यमा समस्या देखिएकामा बिहान करिब ६ बजे युवकको मृत्यु भएको जानकारी दिए ।

यस्तै, आइतबार तीन जना कोरोना संक्रमित थपिएका छन् । प्रदेश १ मा थप तीन जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको हो । थपिनेमा दुई मोरङ र एकजना धनकुटाका छन् । मोरङको विराटनगरकी एक महिला र एक पुरुष साथै धनकुटाकी एक महिलामा कोरोना संक्रमण पुष्टि भएको हो । संक्रमित एक महिला स्वास्थ्यकर्मी हुन् ।

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षण अनुसार धनकुटाको ३४ वर्षीय महिला, विराटनगरका ३५ वर्षीय पुरुष र २९ वर्षीय महिलामा कोरोना पुष्टि भएको बताइएको छ ।




# विदेशमा अलपत्र नेपालीको यथाशीघ्र उद्धार गर्न सांसदहरूको माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** संघीय संसदअन्तर्गत परराष्ट्र सम्बन्ध समितिका सदस्यहरूले भारतलगायत अन्य विभिन्न मुलुकमा अलपत्र परेका नेपालीलाई वर्गीकरण गरी यथासिघ्र उद्धार गर्न माग गरेका छन् ।

आइतबार बसेको समिति बैठकमा सहभागी सांसदहरूले कोरोना भाइरसका कारण विदेशमा जोखिमा परेका नेपालीको उद्धार गर्न ढिलाइ गर्न नहुने धारणा राखेका थिए । सोक्रममा समितिका सदस्य एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कोरोना भाइरसको महामारीबाट विदेशमा धेरै नेपालीले ज्यान गुमाउनुपर्ने अवस्था आएको भन्दै तत्काल सरकारले घर फर्काउन पहलकदमी चाल्नुपर्ने बताए । कुन देशमा बढी जोखिम छ, त्यसको अवस्था हेरी उद्धार थाल्न उननले सरकारलाई सुझाव दिए ।

विदेशमा कोरोना भाइरसको महामारीको अवस्था हेरी नेपालीलाई घर फर्काउन वर्गीकरण गर्न समेत उनले आग्रह गरेका छन् । भारतबाहेकका देशमा अलपत्र परेका, भारतमा अलपत्र परेका, सीमामा अलपत्र परेका तथा लुकीछिपी नेपाल प्रवेश गरेका नागरिकलाई अलग-अलग योजना बनाइ स्वास्थ्य परीक्षणको दायरामा ल्याउनुपर्ने पूर्वप्रधानमन्त्री नेपालको सुझाव थियो ।

विदेशस्थित नेपाली दूतावासले उद्धारको पहल गरेको वा नगरेको जानकारी गराउन उनले सरकारसँग माग गरेका छन् । सरकारले जनतालाई आस जाग्ने किसिमको पहल गर्नुपर्नेमा नेता नेपालले जोड दिए । उनले सीमामै क्वारेन्टाइनको व्यवस्था गरी स्वास्थ्य परीक्षण गर्न सरकारसँ आग्रह गरे ।

यस्तै समितिका सदस्य प्रकाशमान सिंहले लकडाउन जारी गरेको दुई महिना बित्न लाग्दा पनि सरकारले कोरोना भाइरसको जोखिमबाट जोगिन पहल गर्न नसकेको बताए । विदेशमा अलपत्र परेका नेपालीबारे सरकार लामो समयसम्म अलमलमा परेको उनको भनाइ थियो ।

यसअघि नेपाल-भारतबीच नेपालमा रहेका भारतीयको व्यवस्थापन नेपालले गर्ने तथा भारतमा रहेका नेपालीको व्यवस्थापन भारतीय पक्षले गर्ने सम्झौता भएपनि भारतले त्यसको कार्यान्वयन नगरेको उनले आरोप लगाए । अलपत्र पर्नेको संख्यामा भारतमा अत्यधिक भएकाले पहिला भारतसितको समस्या हल गर्न सरकारसँग सांसद सिंहले माग गरे । अहिलेको अवस्थामा संघीय सरकारले प्रदेश र स्थानीय तहसित समन्वय गर्न नसकेको उनको भनाइ थियो ।

त्यस्तै, बैठकमा समितिका सदस्य भीमबहादुर रावलले केन्द्रमा रहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कोषको रकम खर्च गरी तीव्रताका साथ काम गर्न सरकारलाई सुझाव दिए । उनले अहिलेको अवस्थामा विषेश स्वास्थ्य परीक्षण केन्द्र सञ्चालनको आवश्यकता रहेको पनि बताए ।

विदेशमा भोकै अलपत्र रहेका नेपालीको हकमा त्यहाँको सरकारसँग वार्ता गरी बस्ने खाने व्यवस्था मिलाइदिन पहल गर्न सांसद रावलले सरकारसँग माग गरेका छन् । भारतमा रहेका नेपालीलाई कुनै ठाउँमा आउन दिएको कतै रोकेको देखिएको भन्दै उनले यस्तो दोहोरो रणनीति उचित नभएको उल्लेख गरे ।

यस्तै, समितिका सदस्य सुरेन्द्रकुमार कार्कीले यसअघि पनि सरकारलाई निर्देशन दिएपनि त्यसअनुसार काम नभएको बताए । उनले बढी जोखिमामा परेकाको तत्काल उद्धार गर्नुपर्ने बताए । विदेशमा अलपत्र नेपालीलाई सम्बन्धित देशको सरकारसँग वार्ता गरी उतै स्वास्थ्य परीक्षण गराएर नेपाल ल्याउन सकिने सांसद कार्कीको भनाइ थियो । विदेशमा रहेकाको उद्धार गर्नुअघि आन्तरिक तयारीमा ध्यान दिन सरकारलाई उनले सुझाव दिए ।

त्यस्तै, समितिका सदस्य उमा रेग्मीले विदेशमा रहेका नेपालीको आफ्नो घर फर्किन पाउने अधिकारको सुनवाइ गर्न सरकारसँग आग्रह गरिन् । समितिका अर्का सदस्य प्रेमप्रसाद तुलाचनले यतिबेला प्रत्येक सांसद सक्रिय बनेर आ-आफ्नो जिल्लाका स्थानीय तहलाई आवश्यक निर्देशन दिइ काम गर्नुपर्ने बताए । अर्की सदस्य पुष्पा भुषालले सरकारले महामारीको बेला आपतकालीन प्याकेज ल्याउनुपर्ने बताए । केन्द्रमा रहेको कोषको रकम स्थानीय तहलाई दिइ काम गर्न लगाउनुपर्ने उनको धारणा थियो । विदेशमा अलपत्र नेपालीलाई स्वदेश फर्काउन ढिला भएको भुषालले उल्लेख गरिन् ।

यस्तै समितिका सदस्य दिव्यमणि राजभण्डारीले अहिले बन्द रहेका होटल र विद्यालयलाई क्वारेन्टाइनमा परिणत गरी विदेशमा अलपत्र परेका नेपालीलाई राख्न सुझाव दिएका छन् । विदेशबाट घर फर्कन चाहने कतिपयले खर्चको व्यवस्थापन आफैं गर्न चाहेको र उद्धार मात्र गरिदिन सरकारसँग अनुरोध गरेको उल्लेख गरे । समितिका सभापति पवित्रा निरौलाले सम्पूर्ण सुझाव र धारणालाई समेटेर प्रतिवेदन तयार गरी सरकारलाई बुझाइने जानकारी दिएकी छन् ।

# यथार्थ धरातलमा उभिएर छलफल गरौँ : नेम्बाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले प्रतिपक्षी दलहरूले सरकारको नीति तथा कार्यक्रमको आलोचना गर्दा यथार्थमा उभिएर छलफल गर्न आग्रह गरेका छन् ।

आइतबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा यस्तो बताएका हुन् । उनले नीति तथा कार्यक्रम कोरोना केन्द्रित र वर्तमान समस्यालाई सम्बोधन गर्नमा नै केन्द्रित रहेको समेत स्पष्ट पारे । वर्तमान संकट सम्बन्धमा नीति निर्माणअघि पनि विभिन्न चरणमा छलफल भएको र सोहीअनुसार नै नीति कार्यक्रम आएको उनको भनाइ थियो ।

नेता नेम्बाङले भने, ' नीति तथा कार्यक्रमले अहिलेको कोरोनाको समस्यालाई सम्बोधन गर्ने प्रयत्न गरेको छ । कोरोनाका संक्रमितको अवस्था अहिले सामान्य छ । अझै जटिल बन्न सक्नेतर्फ सरकार सजग रहेको छ ।' उनले कोरोनाको प्रभावमा परेका समुदाय र व्यक्तिलाई राहतको व्यवस्था गर्ने नीति तथा कार्यक्रममा उल्लेख रहेको बताए ।

कोरोनाको प्रभावलाई सम्बोधन गर्ने गरी सरकारले काम गरिरहेको बताउँदै उनले विगतका सन्दर्भलाई पनि समेटेर कतिपय कुराहरू नीतिमा समेटिएका कारण विस्तृत देखिएको हुनसक्ने जानकारी दिए । सदनमा भएका दलहरू एकताबद्ध भएर विगतमा संविधान जारी गरी आजको अवस्थासम्म आइपुगेको उल्लेख गर्दै नेम्वाङले त्यसयता उठेका केही माग र आवाजलाई पनि छलफल गर्दै निष्कर्षमा पुग्न सकिने धारणा व्यक्त गरेका छन् ।

उनले अब शान्ति र प्रजातन्त्रका लागि आन्दोलन गर्नुपर्ने बताउँदै नीति तथा कार्यक्रममा शान्ति प्रक्रिया पनि चाँडै टुंगोमा पुऱ्याउने उल्लेख गरे । शान्ति प्रक्रियाका बाँकी काम आवश्यक कानून बनाई दुई वर्षमा टुंगिने र त्यो विषय नीति तथा कार्यक्रममा पनि रहेको उनले अवगत गराए ।

साथै, उनले कोरोनाविरुद्धको लडाइँमा सबै एक भएको भन्दै भने, 'यसलाई निरन्तता दिएरमात्र यसविरुद्धको लडाइँ जित्न सकिन्छ । नीति कार्यक्रमले लोकतन्त्रका सम्बन्धमा संविधान भएका आधारभूत विशेषतालाई समेत उल्लेख गरेको छ ।' उनले भूकम्पले मुलुक क्षतविक्षत भएको बेला छिमेकीले नाकाबन्दी लगाएको, दुई छिमेकीले नेपाललाई नसोधी नेपालको भूमि अतिक्रमण भएको स्थानबारेमा गरेको सम्झौताविरुद्ध अघि बढ्ने दृढता व्यक्त गरे ।

निरोगी नेपाल निर्माण गर्ने, समृद्धिका लागि वन, स्वच्छ नेपाल, रोजगारी, आर्यआर्जनका साथै अब कोही भोकै पर्दैन भोकले कोही मर्दैन, कृषिलाई थप आधुनिकीकरण, स्वदेशी वस्तुको उपभोग गरौँलगायतका कार्यक्रम महत्वपूर्ण भएको बारेमा पनि उनले जानकारी दिए । उपनेता नेम्वाङले प्रसारण लाइन निर्माण गरी भारत र बंगलादेशसम्म जलविद्युत् निर्यात गर्ने बारेमा समेत नीति तथा कार्यक्रममा उल्लेख रहेको बताए ।

# चन्द्रागिरिमा घरबाहिर निस्कन प्रतिबन्ध

■ प्रभाव संवाददाता

**काठमाडौं–** चन्द्रागिरि नगरपालिकाले कोरोना भाइरसको जोखिम हुन नदिन क्वारेन्टाइन निर्माणलाई प्राथमिकता दिएको छ । काठमाडौं उपत्यकाको मुख्य प्रवेशद्वारमा रहेको सो नगरपालिकाभित्र कोरोना संक्रमित बढेसँगै क्वारेन्टाइन थप गर्न लागेको हो ।

नगर प्रवक्ता हरिभक्त महर्जनले क्वारेन्टाइनको क्षमता विस्तार गर्न लागिएको जानकारी दिए । गरपालिकामा हाल ४० श्ययाको क्वारेन्टाइन तयारी अवस्थामा गरेको छ । चन्द्रागिरि अस्पतालमा १५ र चुनदेवी माध्यमिक विद्यालय थानकोटमा २५ श्ययाको रहेको छ । नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालय र मनमोहन अस्पताल दहचोकमा क्वारेन्टाइन विस्तार गर्न लागेको छ ।

हाल चन्द्रागिरिमा कोरोना संक्रमित देखिएका व्यक्तिलाई बलम्बुमा रहेको सशस्त्र प्रहरी बलको अस्पतालमा उपचार गरिँदै आएको छ । हालसम्म सो नगरपालिकामा पाँचजनालाई कोरोना भाइरस पोजेटिभ पुष्टि भएको जनाइएको छ ।

नगरपालिकाले हालसम्म ४८५ व्यक्तिमा कोरोना परीक्षण गरिसकेको छ । नगरपालिकाभित्र कोरोना संक्रमितको संख्या बढेसँगै नगरपालिकालाई यही ७ जेठसम्म सिल गरिएको छ ।

नगरपालिका सिल गरेसँगै अत्यावश्यक कामबाहेक घर बाहिर निस्कन पूर्ण प्रतिबन्ध गरिएको छ । शस्त्र प्रहरी अस्पतालमा १२० क्षमताको आइसोलेशन वार्ड स्थापना गरी कोरोना संक्रमितको उपचार गरिँदै आएको छ । कोरोना भाइरस (कोभिड-१९)को संक्रमणको जोखिम हुन नदिन सरकारले २०७६ चैत ११ गतेदेखि देशभर लकडाउन जारी गरेको थियो ।

## आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क- ९८४९२६८९८२)**

२०७७ जेठ ५ गते सोमबार
जेष्ठ कृष्ण एकादशी तिथि ।
सन् २०२० मे १८ तारिख ।

| | |
|---|---|
| **मेष** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **वृष** | शत्रु पराजय, भ्रमण । |
| **मिथुन** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **कर्कट** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **सिंह** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **कन्या** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **तुला** | ज्ञान आर्जन, सन्तान सुख । |
| **वृश्चिक** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **धनु** | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| **मकर** | असफल काम बन्ने, झुटो आरोप । |
| **कुम्भ** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मीन** | पारीवारीक सुख, सन्तान प्राप्ती । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ ५ गते, २०७७ (१८ मे २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



सडक सफाइमा श्रमिक | कैलालीको धनगढी उपमहानगरपालिका-५ तारानगरदेखि ढुङ्गेबजार जोड्ने सडक कालोपत्र गर्नका लागि सामाजिक दूरी कायम गरी सडक सफाइ गर्दै श्रमिक । बन्दाबन्दीमा काम पाइएपछि उनीहरू खुशी छन् । तस्बिर : मीन ठकुरी

# मृतक युवकमा संक्रमण पुष्टिसँगै नरैनापुर बन्द

■ प्रभाव संवाददाता



**बाँके**-भारतबाट आएका २५ वर्षीय युवक कोरोना संक्रमणबाट मृत्यु भएको पुष्टि भएसँगै बाँकेको नरैनापुरलाई चारैतिरबाट बन्द गरिएको छ ।

कोरोना भाइरस (कोभिड-१९)को संक्रमणबाट मृत्यु भएका बाँके नरैनापुरका उनी बुधबार मात्र नेपाल आइपुगेका थिए ।

नरैनापुरको दीपेन्द्र मावि भोजभगवानपुरको क्वारेन्टाइनमा बसेका नरैनापुर-५ नयाँ बस्तीका उनको आइतबार बिहान मृत्यु भएको थियो । उनको कोरोना परीक्षण रिपोर्ट पोजेटिभ आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

उनी मुम्बईबाट दुई साता लामो यात्रा गरेर नरैनापुर आएका थिए । लामो पैदल यात्राका कारण उनको खुट्टा सुन्निएको थियो । युवकलाई भारतको मुम्बइबाट बाँके आएलगत्तै सीधै क्वारेन्टिनमा राखिएको थियो । ती युवकसहित भारतबाट नेपाल प्रवेश गरेकाको पिसिआर परीक्षण गर्दा कोरोना संक्रमण पुष्टि भएको थियो ।

शनिबार राति उनलाई एक्कासी ज्वरो आयो । स्वासप्रश्वासमा समस्या भएपछि एम्बुलेन्स खोज्दा खोज्दै उनको क्वारेन्टाइनमा मृत्यु भएको हो । एम्बुलेन्स खोज्दाखोज्दै युवकको ज्यान गएको भनिए पनि क्वारेन्टाइनमा बसेकाहरूले समयमा उपचार नपाएर उनको मृत्यु भएको बताएका छन् । मृतक युवकले आइतबार बिहान ४ बजेतिर दुई पटक बान्ता गरेलगत्तै अचानक मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी गराएका छन् ।

क्वारेन्टाइनमा बसेका उनलाई एक दिनअघि नै वाकवाकी लाग्ने समस्या थियो । शनिबार राति लगातार दुई घण्टा वान्ता गरेका थिए । तर क्वारेन्टाइनमा खटिएका स्वास्थ्यकर्मीद्वय दिनेश मौर्य र प्रेम बुढा दुबै त्यहाँ थिएनन् ।

उनलाई अस्पताल लैजान खोज्दा पीपीई नभएको भन्दै एम्बुलेन्स पनि आएन । क्वारेन्टाइन व्यवस्थापन गरिरहेका नरैनापुर गाउँपालिका-६ का वडा सचिव जीवनलाल यादव पनि सम्पर्कविहीन थिए । क्वारेन्टाइनमा बसेकाहरूले असुरक्षित भएको भन्दै घर पठाउन माग गरेका छन् ।

कोरोना संक्रमितको शव व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको कार्यविधिका आधारमा गरिने तयारी भएको छ । उक्त कार्यविधिमा नेपाली सेना, नेपाल प्रहरीलगायत सुरक्षाकर्मीसहित मिलेर शवको अन्त्येष्टि गर्ने उल्लेख छ ।

सदरमुकाम नेपालगञ्जदेखि करीब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारी अवस्थित नरैनापुरमा संक्रमण फैलिन नदिन थप नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले आवतजावतमा रोक लगाएर नरैनापुर बन्द गराएको बाँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले जानकारी दिएका छन् ।

क्वारेन्टिनमा मृत्यु भएपछि नरैनापुरका बासिन्दा थप त्रसित बनेका छन् । उक्त क्वारेन्टिनमा मृतकसँगै अन्य ३८ जनालाई राखिएको थियो । बाँकेमा नेपालगञ्ज उपमहानगरपालिका वडा नं ७ का एक, वडा नं. ८ का २४ र नरैनापुरका ८ गरी ३३ कोरोना संक्रमित छन् । तीमध्ये २५ को बाँकेको खजुरास्थित कोरोना विशेष आइसोलेशन अस्पतालमा र आठ जनाको दाङको अस्पतालमा उपचार भइरहेको छ ।

# थपिएका १० जना संक्रमित सिधै क्वारेन्टाइन

■ प्रभाव संवाददाता

**रौतहट**-जिल्लाका थप १० जना नयाँ कोरोना संक्रमितलाई स्थानीय प्रशासनले सीमा नाकाबाट सीधै क्वारेन्टाइनमा लगेको छ । उनीहरू रौतहट राजपुर नगरपालिका-९ फरदवाका ७ जना र इशनाथ नगरपालिका-५ का ३ जना हुन् । भारतको गुजरात र मुम्बईबाट नेपाल प्रवेश गरेका उनीहरूलाई ५ दिनअघि प्रहरीले सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा लगेका रौतटहका प्रमुख जिल्ला अधिकारी बासु घिमिरेले जानकारी दिएका छन् । उनीहरूलाई इशानाथ, परोहा



र राजपुरमा रहेको क्वारेन्टाइनमा राखिएको छ । वीरगन्जस्थित नारायण उपक्षेत्रीय अस्पतालमा ठाउँ खाली नभएकाले उनीहरूलाई जनकपुर वा जिल्लाभित्रै राख्नेबारे छलफल भएको प्रमुख जिल्ला अधिकारी घिमिरेले जानकारी दिए । उनीहरूको स्वास्थ्य अवस्था सामान्य छ । १० जनासहित रौतहटमा कोरोना संक्रमितको संख्या १३ पुगेको छ । यसअघि इशनाथ, देवाही गुनाही र बृन्दावन नगरपालिकामा १/१ जना संक्रमित फेला परेका थिए । उनीहरूको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा भइरहेको छ ।

# सुत्केरी र जुम्ल्याहा घर फिर्ता

**दाङ**-तुलसी बाल अस्पताल तुलसीपुरको आइसोलेशनमा रहेकी तुलसीपुर उपमहानगरपालिका-१३ की ३५ वर्षीया सुत्केरी अनिता यादव र जुम्ल्याहा शिशुलाई अस्पतालले डिस्चार्ज गरेको छ । आठ दिनदेखि अस्पतालको नवजात शिशु अतिसघन कक्ष (एनआइसियु) मा उपचार भइरहेका जुम्ल्याहा दिदीबहिनीको स्वास्थ्यमा सुधार आएपछि आइतबार डिस्चार्ज गरिएको अस्पतालका प्रमुख बालरोग विशेषज्ञ डा किशोर खत्रीले जानकारी दिए । गत शुक्रबार राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा यादवले कम तौल भएका जुम्ल्याहा शिशुलाई जन्म दिएकी थिईन् । घर पठाउने क्रममा अस्पतालका व्यवस्थापक प्रमुख कमला बस्नेतले पौष्टिक आहार खुवाउनका लागि सुत्केरीलाई नगद र कपडा प्रदान गरेका थिए । रासस

## संक्षिप्त

### घन प्रहार गरी हत्या

**कास्की(प्रस)**-घन प्रहार गरी हत्या गरेर शव गाडेको अभियोगमा ४ जनालाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा पोखरा महानगरपालिका-१४ समिनतारा बस्ने २१ वर्षीय ज्ञान बहादुर परियार, सोही ठाउँ बस्ने २ जना १८ वर्षीय किशोर र बाग्लुङ घर भएका १९ वर्षीय सागर परियार रहेका छन् ।

ज्ञान बहादुरले करिब १ महिना अगाडि सोही ठाउँ बस्ने २२ वर्षीय बिमल रानाभाटलाई घनले हानी हत्या गरेर आफ्नै घर पछाडि बारीको डिलमा गाडेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले उनीहरू ४ जनालाई नियन्त्रणमा लिई सोधपुछ गरी शनिबार बिहान उत्खनन गरेर हेर्दा शव सडेको अवस्थामा फेला परेको हो । घटनाका विषयमा जिल्ला प्रहरी कार्यालय कास्कीले थप अनुसन्धान तथा कारवाही प्रक्रिया अगाडि बढाएको छ ।

### अवैध अफिम खेती नष्ट

**रुकुम(पूर्व)(प्रस)**-पुथाउत्तरगंगा गाउँपालिका-८ अङगाउँमा अन्दाजी ३.५ रोपनी जग्गामा अवैध रूपमा लगाएको अफिम शनिबार बिहान प्रहरीले नष्ट गरेको छ । प्रहरी चौकी जाङबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा उक्त अफिम नष्ट गरेको हो ।

यसैगरी रुकुम (पूर्व), पुथाउत्तरगंगा गाउँपालिका-५ मुडारस्थित फलबाङ जंगलमा अन्दाजी ९ रोपनी जग्गामा अबैध रूपमा लगाएको अफिम शनिबार बिहान प्रहरीले नष्ट गरेको छ । ईलाका प्रहरी कार्यालय रन्मामैकोट र प्रहरी चौकी हुकामबाट खटिएको प्रहरीले उक्त अफिम नष्ट गरेको हो ।

### करेन्ट लागेर मृत्यु

**कैलाली(प्रस)**-जानकी गाउँपालिका-८ पालबजार बस्ने ३७ वर्षीय राम बहादुर शाहीको करेन्ट लागेर शनिबार साँझ मृत्यु भएको छ । सोही ठाउँस्थित जवलपुरबस्ने राजाराम चौधरीको ग्रिल उद्योगमा ट्याक्टरको ट्रली वेल्डिङ् गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको टिकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

# लालीदेखि तिंकरसम्म सुरक्षा निकाय

■ नरेन्द्रसिंह कार्की

**दार्चुला**-दार्चुलाको लेकमदेखि व्यासको तिङ्करसम्म सशस्त्र प्रहरी र नेपाल प्रहरीका पोष्ट राखी सीमाको निगरानी बढाइएको छ । भारतसँग सीमा जोडिएको लेकम गाउँपालिका-३ लाली रत्यौडादेखि भारत र चीनको सीमा जोडिने व्यास गाउँपालिका-१ को तिङ्करसम्म ती दुई सुरक्षा निकाय कार्यरत रहेका छन् ।

अहिले सशस्त्र प्रहरीको निगरानीमा पूरै सीमा परेको छ । यसअघि सदरमुकाम खलङ्गामा रहेको नेपाल नम्बर ५० गुल्मबाट निरीक्षण हुँदै आएकामा अहिले अब अस्थायी तथा स्थायी बोर्डर आउट पोष्ट र पोष्ट नै राखेर सीमाको निगरानी बढाइएको हो ।

विगतमा लेकमदेखि व्यासको तिङ्करसम्म नेपाल प्रहरीको मात्रै उपस्थिति भएको अवस्थामा अहिले सशस्त्र प्रहरीको पोष्ट स्थापना गरिएको छ । भारत र चीनसँगको सीमा जोडिने तिङ्करमाथि सशस्त्र प्रहरीले बिओपी राख्ने तयारी गरेपछि सीमा नेपाली सुरक्षा बलियो बन्दै गएको छ ।

खलङ्गामा सशस्त्र प्रहरीको गुल्म छ । बन्दाबन्दी जारी रहँदा पनि सीमामा निगरानी गर्न लेकम गाउँपालिकाको लाली, रत्यौडा, मालिकार्जुन गाउँपालिकाको बाकु, उकु, डिन्सी, महाकाली नगरपालिकाको काकडा, व्यासको स्याकु र डोकटमा सशस्त्र प्रहरी खटिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्मका प्रहरी निरीक्षक प्रकाश चन्दले जानकारी दिए । यो बाहेक सशस्त्र प्रहरीले महाकाली नगरपालिकाको खेट्टेबगर र दुहुँको कालागाडमा चेकपोष्टमार्फत निगरानी गर्ने गरेको छ ।

व्यास गाउँपालिका-१ त्रिदेशीय सामरिक महत्वको क्षेत्रमा सशस्त्र प्रहरीको गुल्म नै राख्ने तयारी भएको छ । गत वैशाख ३१ गते छाङ्रुको गागामा बोर्डर आउट पोष्ट स्थापना गरेलगत्तै त्रिदेशीय क्षेत्रमा गुल्म नै राख्ने गरी तयारी अघि बढेको हो । गुल्ममा १६० जना सशस्त्र प्रहरी खटिनेछन् ।

व्यासको गागामा सशस्त्र प्रहरीलाई प्राप्त १५ रोपनी जग्गामा भवन बनाउने सशस्त्र प्रहरीले निरीक्षण गरी डिजाइन बनाउन थालेको छ ।

सशस्त्र प्रहरीलाई प्राप्त भएको जग्गामा सशस्त्र प्रहरीका इञ्जिनीयर प्रहरी नायब उपरीक्षक मिलनमान मास्केसहितको टोलीले स्थलगत निरीक्षण गरी भवनको डिजाइन लागत तयार गर्न लागेका हुन् ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) नारायणबाबु थापाले व्यासको गागामा सशस्त्र प्रहरीको स्थायी संरचना निर्माणको काम तत्काल अघि बढ्ने जानकारी दिए । 'बजेट प्राप्त भइसकेको छ' उनले भने, 'डिजाइन स्टिमेट तयार गरी बोलपत्र आह्वान छिट्टै हुन्छ ।'

सो स्थानमा स्थापना हुने सशस्त्र प्रहरीको गुल्मले कालापानी, लिपुलेक, अपि नाम्पा संरक्षण क्षेत्रका वन्यजन्तु, अपिहिमाल, कैलाश मानसरोवरको प्रवेशद्वारलगायतमा सहयोग पुग्ने बताइएको छ । ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको सुरक्षाका लागि यो क्षेत्रमा सशस्त्र प्रहरीको मजबुत उपस्थिति गराउने सरकारको तयारी छ ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले छिटो गुल्म स्थापना गर्ने तयारी गरिएको र यसबाट सीमा रक्षा, आपराधिक क्रियाकलाप नियन्त्रण तथा सर्वसाधारणको शान्ति सुरक्षामा महत्वपूर्ण सहयोग पुग्ने जानकारी दिए ।

गृह मन्त्रालयले बहुवर्षीय योजनाअनुरूप संरचना निर्माणका लागि ११ करोड रकम विनियोजन गरिसकिएको जनाइएको छ । भवन आधुनिक प्रविधियुक्त र यहाँको वातावरण सुहाउँदो बन्नेछ । बाह्रै महिना चिसो हुने र जाडोको समयमा अत्यधिक हिउँ पर्ने भएकाले त्यस अनुकूलको संरचना निर्माण गरिने सशस्त्र प्रहरीले जनाएको छ । ३२ कोठे दुईतले भवन 'सी' आकारको बन्नेछ । ग्यास हिटिङसहितको भवन निर्माण गरिने छ ।

व्यासमा गागामा गुल्म राख्नेबित्तिकै, कौवा, चीनसँग सीमा जोडिएको तिङ्कर क्षेत्रका छियालेकलगायत क्षेत्रमा बिओपी बनाउने तयारी गरिएको छ ।

यस्तै सशस्त्र प्रहरीले दार्चुलाको व्यास गाउँपालिका-२ को दुम्लिङ, महाकाली नगरपालिका-९ को दत्तु, मालिकार्जुन-७ को जोलजीवी, लेकम-३ को लालीलगायतका क्षेत्रमा बोर्डर आउट पोष्ट राख्न प्रस्ताव पठाइसकेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्मका गुल्मपति डम्मरबहादुर विष्टले जानकारी दिए । सीमा क्षेत्रको सुरक्षाको कार्यादेश पाएको सशस्त्रले विगतमा सदरमुकाम खलङ्गामा रहेको गुल्मबाट निरीक्षण हुँदै आएको थियो ।

सन् १९६२ मा भारत-चीनसँगको द्वन्द्वका बेला यहाँको कालापानीलगायत क्षेत्रमा भारतले सेना प्रवेश गराएको बताइएको छ । भारतले महाकाली नदी किनारकिनारै सडक बनाएर गुञ्जी, कालापानी, हुँदै लिपुभञ्जाङ पुऱ्याएको छ । निर्माणाधीन दार्चुला-तिङ्कर सडकलाई नेपाली सेनामार्फत बनाउन जिम्मेवारी दिइएको छ ।

सरकारले गत वैशाख १४ गते दार्चुला तिङ्कर सडकको ८७ किलोमिटर सडक नेपाली सेनालाई बनाउन जिम्मा दिने निर्णय गरेको हो । आर्थिक वर्ष २०६६/६७ बाट दार्चुला तिङ्कर सडक निर्माण शुरु गरेको भए पनि एक दशक बढी हुँदा पनि सडकले गति लिन नसकेपछि सो सडकको बाँकी काम सेनालाई दिने निर्णय गरेको हो । हाल सो सडकको ४० किलोमिटर मात्र ट्र्याक खुलाइएको छ ।

'राज्यको उपस्थिति अहिलेका लागि ठूलो हो, सीमा क्षेत्रमा सशस्त्र मात्रै होइन, प्रहरीका दुई समूहसमेत पुऱ्याएकाले आपराधिक गतिविधि नियन्त्रण, जनताको सुरक्षा र सीमा रक्षाका लागि दूरगामी र ऐतिहासिक कदम भएको छ' प्रजिअ पौडेलले बताए ।

अहिले तिङ्करको छियालेकमा प्रहरी नायब निरीक्षकको नेतृत्वमा १२ तथा छाङ्रुको नीतिकुण्डमा प्रहरी सहायक निरीक्षकको नेतृत्वमा ९ प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक पदमबहादुर विष्टले जानकारी दिए ।

प्रहरीको लेकम-३ लाली, मालिकार्जुनको जौलजीवि, महाकाली नगरपालिकाको दत्तु, धाप, दुहुँको ब्रह्मदेव, धारी र हिकिलामा प्रहरी चौकी रहेको छ । यसैगरी व्यासको हुतीमा इलाका प्रहरी कार्यालय, तिगरमा अस्थायी पोष्ट, सुनसेरा, दुम्लीङ, छांगरु तथा तिङ्करमा चौकी रहेको उनले बताए ।

व्यसमा सशस्त्र प्रहरी पुगेपछि स्थानीय भने औधि खुसी भएका छन् । सरकारको नीति तथा कार्यक्रममा भारतले मिचेको जग्गा समेटेर नक्सा सार्वजानिक गर्ने घोषणा गरेको थियो । रासस

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बन्दाबन्दीको पूर्वाधार खै ?

झन्डै दुई महिनायता मुलुक बन्दाबन्दीमा छ। सरकारले घोषणा गरेको बन्दाबन्दीलाई सर्वसाधारणले स्किारिरहेका छन्। यसको अर्थ के जनताले सरकारलाई साथ दिएका छन्। यत्तिका लामो समयसम्म पनि जनताले सरकारको निर्देशनलाई मानिरहेका छन्। हरेक देशका जनताले सरकारलाई सहयोग गर्नुपर्ने मान्यता पनि छ। तर, यस्को बदलामा सरकारले पनि बन्दाबन्दीको अवधिमा जनताको चुल्हो बाल्ने काम गर्नुपर्छ। जनताले सरकारको निर्देशन पालना गरिरहेको बेला सरकारले पनि आफ्नो तर्फबाट जनताको चुल्हो बाल्ने वातावरण बनाइदिनुपर्छ। जनताले एकतर्फ सहयोग गर्ने हो भने हिजो पनि जनताले हरेक क्रियाकलाप मात्र होइन, हरेक गाँसबापत जनताले सरकारलाई कर बुझाएका थिए। जनताले छाक काटेर तिरेको करबापत जनताले कहिल्यै पनि केही माग गरेका छैनन्। बरु जनताले सधैँ राज्यलाई सहयोग गरिरहेको देखिन्छ।

बन्दाबन्दीजस्तो विषम परिस्थितिमा पनि राज्यले जनताको चुल्हो बाल्ने काम गरेको देखिएको छैन। ८५ करोड बाँडिएको भनिएको छ तर पीडितहरूले भने राहत पाएका छैनन्। नेपाली जनताको जनसंख्या ३ करोड भनिन्छ। यसमध्ये ७० लाख विदेशमा छन्। ३० लाखभन्दा बढी जनता हिमाली क्षेत्रमा र धनाढ्य वर्गका जनता छन्। १ करोड जनता पहाडी भेगमा बसोबास गर्छन्, जस्ले राहत नै चाहँदैनन्। राहत बाँड्नुपर्ने भनेको सहरी इलाकामा बसोबास गर्नेहरूलाई हो तर यत्ति जनताले नै राहत नपाउँदा सरकारमाथि नै इमानदारिताको प्रश्न उठ्छ। जनताले सरकारलाई सहयोग गर्न तयार छन् तर यसबापत सरकारले पनि आफ्नो पक्षबाट गर्नुपर्ने इमानदारिता पूरा गर्नुपर्छ। यसैबीच, कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका गठित उच्चस्तरीय समितिको बैठकले लकडाउन कायमै राख्ने निर्णय गरेको छ। आइतबार सिंहदरबारमा बसेको बैठकले कोरोना संक्रमण रोकथामका लागि जारी गरिएको लकडाउन प्रभावकारी रहेको निष्कर्ष निकाल्दै यसलाई यथावत् राख्ने निर्णय भएको छ। यसमा जनताको कुनै अवरोध छैन तर यसबापत सरकारले भने बन्दाबन्दीको समयमा गर्नुपर्ने न्यूनतम सर्तहरू पूरा गर्नुपर्छ।

सरकारले क्वारेन्टाइनस्थल थप गर्दै जाने, शान्ति सुरक्षालाई प्रभावकारी बनाउने, आपूर्ति व्यवस्था चुस्त दुरुस्त पार्ने भएको छ। सरकारले ११ चैतदेखि लकडाउन लागू गरे पनि नेपालका कोरोनाको संक्रमण देखिने क्रम भने रोकिएको छैन। आइतबारसम्म कोरोना संक्रमितको संख्या २९२ पुगेको छ, ३६ जना भने निको भएर घर फर्किएका छन् भने २ जनाको मृत्यु भएको छ। विश्वका अन्य मुलुकहरूले बन्दाबन्दी घोषणा गर्नुपूर्व जनताको गाँसको व्यवस्था गरेका हुन्छन्। कोरोना संक्रमणदेखि बच्न र बचाउनका लागि नेपाल सरकारले पनि बन्दाबन्दीको घोषणा त गऱ्यो तर यसबापत जनताको चुल्हो बाल्ने काम चाहिँ बिर्सेको छ। सरकारले जनताको चुल्हो बाल्ने वातावरण नबनाउने हो भने सहरी विद्रोह सुरु हुन सक्छ। त्यसैले बन्दाबन्दी घोषणापूर्व सरकारले जनताको न्यूनतम आश्यकता पूरा गर्न पछि पर्नु हुँदैन।



▶▶ डा. राजु अधिकारी

# जीवन जिउने शैलीमा पुनर्विचार

'कोरोना भाइरसको महामारी सकिएपछि यसले भत्काएको विश्वलाई पुनर्निर्माण गर्दैगर्दा प्रत्येक व्यक्तिको हातमा एक अन्तिम मौका बाँकी रहनेछ। त्यो हो, 'पहिलेकै जस्तो रातदिन धपेडीमा जिन्दगी जिउनु एउटा ठूलो भूल रहेछ भन्ने गल्तीबोध।' यो कथन हो- अमेरिकी वैज्ञानिक तथा लेखक एलान लाइटमेनको। यो कथन सुन्दा हरेकलाई लाग्छ कि यो मेरै लागि भनिएको हो। एकपटक होइन, यो कथनमाथि अनेकौँपटक पुनर्विचार गर्नु पर्ने बेला हो यो। वास्तवमा म, तपाईं र हामीमध्ये अधिकांशले अवलम्बन गरेको त्रुटिपूर्ण जीवनशैलीमाथि एकपटक फेरि गहिरिएर आत्मचिन्तन गर्ने समय यही हो।

जिन्दगी यतिखेर पहिलेकोभन्दा भिन्न किसिमको दिनचर्यामा बाँधिएको छ। पहिले तन र मन दुवै भागदौडमा हुन्थ्यो। अहिले हाम्रो तन सीमित घेराभित्र बन्द छ। तर, मन पहिलेभन्दा अझ बढी भागदौडमा छ। मनको भागदौड यतिखेर विगतको भन्दा पृथक किसिमको छ। पहिले हाम्रो मन जिन्दगी र स्वास्थ्यको मूल्यलाई खासै वास्ता नगरी बाहिरी गोरखधन्दामा केन्द्रित भई बढी भागदौड गर्थ्यो। समयचक्रले यतिखेर हर व्यक्तिलाई जिन्दगी र स्वास्थ्यको मूल्यबारे सोच्न बाध्य बनाएको छ। जसरी हुन्छ बाँच्न पाए हुन्थ्यो भन्ने ध्याउन्नमा छ, यतिखेर हाम्रो मन।

भनिन्छ, कोरोना महामारी समयचक्रको एक महत्त्वपूर्ण कडी बनेर आएको छ। इतिहासकारले इतिहास लेख्दा कोरोनाअघिको युग र कोरोनापछिको युग भनी समयचक्रको विभाजन गर्नेछन्। यसले समयचक्रको गतिलाई मात्रै हेरफेर गरेको छैन। मानिसको जीवनचक्रमा पनि अकल्पनीय परिवर्तन ल्याइदिएको छ र अझै ल्याउनेवाला छ। प्रकृतिवादको सिद्धान्तलाई मान्ने हो भने यो महामारी मनुष्यको जीवनचर्या, व्यवहार र खानपानको शैलीलाई सुधार्ने अलार्म हो।

**जिन्दगीमाथि अन्याय कहिलेसम्म ?**

मानव प्रकृति र संस्कृतिबीचको चेतनशील कडी हो। सबैलाई थाहा छ कि हामी मानव प्रकृतिबाट धेरै टाढियौँ। क्षणिक सुखलाई सबैथोक मान्न थाल्यौँ। जसले जिन्दगीलाई कृत्रिमताको जालोभित्र फसाउँदै लग्यो।

मानव प्रकृतिको कृति हो। आफ्नो कृतिलाई हिफाजत गर्ने काम प्रकृति स्वयंले गर्छ। यसो गर्नु उसको नैसर्गिक विशेषता हो। यो मौन सत्यलाई बेवास्ता गर्दै मानव स्वयं नै जब प्रकृतिविरुद्ध विकृति फैलाउँछ, प्रकृतिको अनवरत दोहन गर्छ र आफ्नो रहनसहनलाई अप्राकृतिक बनाउन थाल्छ, त्यो प्रकृति मातालाई सैह्य नहुँदो रहेछ। जसले यो कुरा बेलैमा मनन् गर्छ, ऊ प्रकृतिको कोपभाजनबाट बाँच्छ। ०७२ सालको महाभूकम्पका बेला हामीले प्रकृति मातालाई थोरै भए पनि सुन्ने र सम्झने प्रयास गरेका थियौँ। तर, हामीभित्रको विवेक-दोष र स्वार्थी सोचका कारण त्यसलाई केही समयभित्रै बिर्सिदियौँ। कोरोना महामारीका माध्यमद्वारा प्रकृतिले पुनः हामीलाई भूकम्पभन्दा बेग्लै किसिमको झट्का दिएको छ। यसर्थ, यो समय महामारीपीडितको पीडासँगै प्रकृति आमाको पुकार पनि सुन्ने बेला हो।

विगत केही दशक पछाडि फर्केर हेरौँ, प्रकृतिमाथि मात्रै होइन हामीले संस्कृतिमाथि पनि अन्धाधुन्द विकृति फैलायौँ। आफ्नै मूल संस्कृति, संस्कार परम्परा, जीवनपद्धतिजस्ता कुरा हामीलाई पुरातन र नचाहिँदो लाग्न थाल्यो। भोग, ढोँग र रोगमुखी पराई संस्कृतिमा हामी अन्धो भई रमाउन थाल्यौँ। ऋषिमुनिका उपदेशभन्दा सिसीमुनिका फेसनमा बढी तानियौँ।

ऋषिमुनिका आचरण र आविष्कारको तुलनामा सिसीमुनिहरूको आचरण र आविष्कारतर्फ बढी लोभियौँ। आयुर्वेदसम्मत जीवनपद्धति, अध्यात्मप्रेरित जीवनचर्या, यज्ञप्रधान कर्मशैली, प्राकृतिक आहारबिहार, निःसर्ग उपचार पद्धति, यी र यस्ता अनमोल धरोहरलाई हामीले 'आउटडेटेड' मानी अवहेलना गऱ्यौँ। जबकि समृद्ध र सभ्य मानिएको पश्चिमी समाज अहिले यी कुराको पछाडि व्याकुल भई दौडिरहेको छ। समयले कोल्टे फेर्दै जाँदा, वर्तमान महामारीले यी धरोहरको अपरिहार्यता र वैज्ञानिकता झनै उँचो बनाइदिएको छ।

जानेर होस् या नजानेर प्रकृति र संस्कृतिमाथि तपाईं हामीबाट भएका अवमूल्यनको आत्मलोचना गर्ने यही उपयुक्त मौका हो। लकडाउनमा एक्लिएर बसेको मौकाको सदुपयोग गर्दै जिन्दगी जिउने शैली र बाँच्ने तरिकामा बारम्बार मनन् नगर्ने हो भने भोलिको जिन्दगी झन् कठिन बन्ने तथ्यलाई नकार्न सकिँदैन।

थोरै मात्र दूरदृष्टि राखेर सोच्ने हो भने जीवनशैली, खानपान र जिउने तरिकामाथि पुनर्मूल्यांकन गर्ने काम अहिलेको भाइरस भयभन्दा पनि महत्त्वपूर्ण छ। रहस्यमयी प्रकृतिको चक्रव्यूहमा बेलाबेला यस किसिमका हेरफेर मानिसलाई आत्मसुधार गर्ने अवसर हो। महामारीले उब्जाएको पीडालाई एकछिनका लागि बिर्सने हो भने वर्तमान महामारी हामीलाई जिन्दगी जिउने परिस्कृत शैलीको शिक्षण दिन आएको हुनुपर्छ। प्रकृतिको आवाज सुन्ने व्यक्ति सदा सुखी रहन्छ। प्रकृतिको नियम मान्न जान्ने व्यक्ति सर्वदा स्वस्थ रहन्छ। 'प्रकृति शरीर स्वरूपम्' अर्थात् शरीरकै अर्को रूप प्रकृति हो। प्रकृतिको पुकार नसुनिकन आफ्नै मर्जीमा जिउनेलाई प्रकृतिको सिकाउने तरिका विचित्रको हुन्छ, जुन यो कोरोना कालमा देख्न बाध्य छौँ हामी।

जिन्दगी आधुनिक, जीवनशैली प्राकृतिक

सबैले र सधैँका लागि स्मरण राख्नैपर्ने तथ्य यो हो कि प्रकृति नै सबैभन्दा ठूलो डाक्टर हो। प्रकृति नै सबैभन्दा ठूलो उद्धारक पनि हो, संरक्षक पनि हो। यो कुरा हामीले अस्तव्यस्त स्वार्थग्रस्त जीवनशैलीको दबाबमा बिर्सिसकेका थियौँ। अहिले आएर पुनः स्मरण हुँदै छ कि प्रकृतिले चाह्यो भने मात्रै हामी रोगमुक्त, विपद्मुक्त र विषाद्(मनोविकार)मुक्त रहन सक्ने रहेछौँ।

प्राकृतिक चिकित्साको सिद्धान्तले सदियौँदेखि भन्दै आएको थियो- कुनै बिमार या महामारी औषधिले होइन, जीवनीशक्तिले निको पार्छ। रोगबिमार निको पार्ने काम डाक्टरको होइन। डाक्टरले केवल निको हुने तरिका बताइदिन्छ। संसारको सर्वोत्कृष्ट औषधि प्रकृतिको नैसर्गिक शक्ति हो। त्यही शक्ति मानव शरीरमा इम्युनिटी अर्थात् रोग प्रतिरोधी क्षमताको नामले चिनिन्छ। तर, हामीले यो सत्यलाई सुनिरहेका थिएनौँ। हामीलाई लाग्थ्यो कि हातमा धनसम्पत्ति भए सबैथोक पाइन्छ। हामीमध्ये अधिकांशसँग योग, ध्यान, प्राणायाम, खानपान, आरोग्य, सुखशान्तिको स्वभाविक स्रोतबारे सोच्ने फुर्सद थिएन।

हामीलाई लाग्थ्यो यी कुरा अवकाशपछि बुढेसकालमा गर्ने कुरा हुन्। हाम्रो मानसिकतामा गडिएर बसेको यो भ्रान्तिलाई वर्तमान महामारीले साँच्चिकै भत्काइदिएको छ। प्राकृतिक नियमअनुरूप जीवनशैली ढालेर बाँच्ने व्यक्तिको जीवनशक्ति सदैव उच्च हुन्छ। न्यानो घाम, ताजा हावा, धर्तीको उर्वर माटो, शुद्ध शीतल जल, वनजंगलका जडीबुटी, खुला आकाश तत्त्व आदिमा जे-जति रोगप्रतिरोधात्मक क्षमता हुन्छ। मान्छेले बनाएको कुनै पनि रासायनिक औषधिमा हुँदैन। अत्याधुनिकताको आडमा प्रकृतिको स्पर्शबाट टाढिनु यी निःशुल्क उपहारबाट वञ्चित हुनु हो। हातमा फोरजी र फाइभ जी इन्टरनेट सुविधा उपभोग गरेर बसिरहेका हामीहरूले गम्भीरतापूर्वक सोच्नुपर्ने कुरा हो कि होइन ?

कृत्रिम सुखसुविधा केही दिनका लागि सुखद् लाग्छ। तर, त्यसले रोगसँग लड्ने क्षमता घटाइदिन्छ भन्ने तथ्य पनि कोरोना कहरले देखाएको छ। अमेरिका, बेलायत, स्पेन, इटाली, फ्रान्सजस्ता विकसित भनिएका देशमा देखिएको वर्तमान परिदृश्यले यो सत्य उजागर गरिसकेको छ। भौतिक सुविधा, मेडिकल सुविधा, प्रविधिगत सुविधाका दृष्टिले यी देश समृद्ध मानिन्छन्। तर, भौतिक विकास मात्रै सबैथोक होइन रहेछ।

भौतिक विकासका साथमा संस्कृति र जीवनशैलीको क्षेत्रमा उत्तिकै विकास चाहिने रहेछ। हाम्रो तुलनामा आज त्यहाँका मानिस कोरोना कहरले बढी पीडित र त्रसित छन्। यसबाट हामीले पुनर्विचार गर्नुपर्ने बिन्दु के हो भने प्रकृतिको नजिक रही जिन्दगी जिउँदा थप सबल, सुखी र आरोग्यवर्द्धक बन्ने प्रतिफल पाइँदोरहेछ। 'सौ दवा एक हवा', यसको अर्थ हो एक शुद्ध हावा सय औषधि बराबर हुन्छ। निसर्गोपचारको सिद्धान्तले भन्छ- त्यही चिज खाऊ, जुन तिम्रा लागि प्रकृतिले पत्तालाइदिएको छ। उम्रिएको खाऊ, जन्मिएको नखाऊ किनकि मानव भएको नाताले तिमी शाकाहारी हौ। क्षणिक स्वाद र सुख नाममा प्राकृतिक नियमको उल्लंघन नगर।

यतिखेर अस्पतालले कोभिड-१९का बिरामीको उपचारभन्दा पनि संक्रमण सर्न र बल्झिन नदिने पुराना उपायको प्रयोग मात्रै गरिरहेका छन्। महामारी चाँडो थामियोस् भनेर प्रार्थना गर्नेबाहेक चाल्न सकिने अन्य कदम आजको दिनसम्म कसैसँग छैन। यसरी अत्याधुनिक सुखसुविधाले सम्पन्न आधुनिक अस्पतालहरूको सामर्थ्यलाई पनि यो महामारीले झस्काइदिएको छ। स्मरण रहोस्, मेडिकल आविष्कार र आधुनिक औषधिमूलोको खोज महत्त्वपूर्ण पाटो हो। तर त्योभन्दा पनि महत्त्वपूर्ण पाटो हो जिन्दगी जिउने शैली र तरिकामा विवेकसम्मत सुधार। जिन्दगी आधुनिक, जीवनशैली प्राकृतिक, यो मान्यताअनुसार चल्नु नै भविष्यमा आउन सक्ने यस्ता महामारी र विपद्बाट बच्ने सर्वश्रेष्ठ उपाय हो।

**पुनर्विचार गरिनुपर्ने थप बिन्दु**

गाउँठाउँको जीवनशैली नै उपयोगी जिउने तरिका रहेछ र अरू सबै आजीविकाभन्दा खेतीकिसानी नै सर्वश्रेष्ठ पेसा रहेछ भन्ने यथार्थ यो महामारीले महसुस गराइदिएको छ। तसर्थ, हाम्रा नयाँ पुस्तालाई वैज्ञानिक खेती किसानीप्रति आकर्षित गर्न नितान्त आवश्यक छ। महँगो र नवीनतम् उच्चशिक्षा महत्त्वपूर्ण छ। तर, त्योभन्दा पनि महत्त्वपूर्ण जीवन जिउने कला जान्नु हो। जीवन जिउने कला नै हर परिस्थितिसँग तालमेल राखी सन्तुलित भएर बाँच्ने कला हो। मानसिक तनाव र चिन्ता घटाउने कला हो। समग्र स्वास्थ्यप्राप्तिको कला अनि हाँस्न र बाँच्न सिकाउने कला हो। यो वास्तविकतालाई बोध गर्दै यी विद्यालाई शिक्षण पद्धतिमा समावेश गर्ने बेला यही हो।

आफ्नो डाक्टर आफू स्वयं हो। सर्वाधिक शक्तिशाली औषधि स्वयंको जीवनीशक्ति हो। संसारकै सर्वश्रेष्ठ अस्पताल स्वयंको घरपरिवार हो। शारीरिक स्वास्थ्यभन्दा पनि महत्त्वपूर्ण व्यक्तिको मानसिक एवं आत्मिक स्वास्थ्य हो। यी कुरा यतिखेर सबैजसोलाई आत्मबोध भइरहेको हुनुपर्छ। सनातन संस्कृतिमा आधारित पूर्वीय जीवनपद्धति संसारकै सर्वोत्कृष्ट जीवन पद्धति हो। 'सा प्रथमा संस्कृतिर्विश्ववारा' अर्थात् हाम्रो संस्कृति सृष्टिकै प्रथम संस्कृति भएकाले यो सबैका लागि हितकारी छ। सारा जगत आज पूर्वीय संस्कृतितर्फ आकर्षित छ। हामी स्वयं किन नहुने ?

पूर्वीय संस्कृतिका क्रियाविधिहरू जस्तो कि नमस्कार गर्ने चलन, स्नान, शौच र सफाइको शैली, प्रकृतिलाई सेवा उपासना गर्ने परम्परा, ताजा र अमृत भोजन गर्ने प्रचलन, जुठो सुतकमा एकान्त बासको प्रचलन, मृत्युपछिको अग्नि संस्कार, योगमय जीवनचर्या, आत्मनुशासित आचार-विचार, ज्ञान एवं सत्संगयुक्त दैनिकी यी कुरा कति वैज्ञानिक र उपयोगी रहेछ भन्ने वर्तमान परिवेशले सावित गरेको छ। यस किसिमको अनमोल स्व-संस्कृतिलाई भुलेर अझै मूलमा भूल गरिरहने ?

स्वास्थ्य, सुखशान्ति, घरपरिवार, नातासम्बन्ध, धर्मकर्म जस्ता कर्मकर्तव्यलाई बन्धकी राखेर रातदिन अस्तव्यस्त भई गोरखधन्दामा दौड्नु जीवनप्रति ठूलो अन्याय रहेछ भन्ने बोध यतिखेर हामी सबैलाई भइरहेको हुनुपर्छ। यहाँनेर के पुनर्विचार गर्न जरुरी छ भने जिन्दगीको केन्द्रविन्दु स्वयम् जिन्दगी हो। स्वास्थ्य, सुख-शान्ति र घरपरिवार जिन्दगीको सर्वोपरी लक्ष्य हुनुपर्छ। पेट भर्ने र हिँडडुल गर्ने काम त पशुपन्छीले पनि गरेका छन्। मानव भएको नाताले कम्तीमा विवेकशील भई पाएको जिन्दगी शानदार तरिकाले जिउनुमा आखिर के हानि छ ? यही त हो मनुष्यताको परिभाषा। अनलाइनखबर

## मननयोग्य

# विद्वान्का लक्षणहरू

सत्पात्रलाई नदिई कुपात्रलाई दान गर्नु यी दुवैका कुरा न्यायपूर्ण तरिकाद्वारा कमाइएको धनलाई दुरूपयोग गरे समान हुन्। गऱ्हुँगो ढुंगोलाई घाँटीमा बाँधेर पानीमा डुबाइदिनयोग्य दुई किसिमको मानिस हुन्छन्। जो धनी भइकन कञ्जुस हुने र गरिब भएर दुःख सहन नसक्ने अर्थात् धनवान्ले दानी हुनैपर्ने र दुःखीले सहिष्णु बन्नु जरुरी ठानिएको छ।

योगयुक्त सन्न्यासी र युद्धमा शत्रुसँग लड्दालड्दै वीरगति प्राप्त गर्ने लडाका यी दुवै सौर्यमण्डललाई छेडेर उर्ध्वगतिमा पुग्ने श्रेष्ठ पुरुष ठानिएका छन्। मानिसको सफलताका निमित्त उत्तम, मध्यम, अधम यी तीन प्रकारका न्यायअनुकूल उपायहरू हुन्छन् भनी वेदवेता विद्वानजन्हरूले भन्ने गरेका छन्। उत्तम, मध्यम, अधम तीन प्रकारका पुरुष हुन्छन्। यिनीहरूलाई यथायोग्य तीन प्रकारकै काममा लगाउनुपर्दछ। स्त्री, छोरा र नोकर यी तीनजना धनहीन हुन्छन्। यिनीहरू आफैँ धन आर्जन नगरेर उत्तराधिकारीमा नै धन, पद प्राप्त गर्दछन्।

अर्काको धन हरण गर्नु, परस्त्रीसँग संसर्ग गर्नु, साथीभाइहरूलाई त्याग गर्नु यी तीनवटै कुराले मानिसको आयु, धर्म र कीर्तिलाई क्षय गर्दछन्। काम, क्रोध र लोभ यी तीनवटै नरकका ढोका हुन्। यिनले आत्मालाई कलंकित पार्दछन्। यी तीनवटैको त्याग गर्नु आवश्यक छ। सज्जन मानिसले यिनलाई त्यागिदिन्छन्। वरदान पाउनु, राज्य पाउनु र पुत्रजन्म हुनु यी तीन कुरा एकतर्फ र शत्रुद्वारा हुन सक्ने कष्टबाट मुक्ति पाउनु अर्कोतर्फ यी दुवैतर्फका कुराहरू अर्थात् तीनै कुरा र एकै कुरा समान नै हुन्छन्। तसर्थ शत्रुबाट हुने सम्भाव्य कष्टलाई मानिसले प्राथमिकतापूर्वक टार्दै जानुपर्दछ। भक्त सेवक तथा म तपाईंकै मान्छे हुँ भनी शरणमा पर्न आउने मान्छेलाई आफूलाई जस्तोसुकै संकट आइपर्ने नै भए पनि नत्यागोस्।

कम (थोरै) बुद्धि भएका, धेरै समयसम्म सुतिरहने, हडबडे, चाटुकार वा चाप्लुसे मानिसहरूसँग गोप्य सल्लाह गर्नु हुँदैन। महावली राजाहरूले (सत्ताधारीहरूले) यी चारैवटालाई त्यागिदिनुपर्छ। विद्वान् मान्छेले यिनीहरूलाई समयमै पहिचान गरोस् अथवा चिन्न सकोस्।

**विदुर नीतिबाट**

## पत्र-मञ्जुषा

# सामुदायिक विद्यालयमा लगानी बढाउनुपर्छ

**प्रिय् सम्पादकज्यू,**

सरकारले सामुदायिक विद्यालयलाई हेपेको देखिन्छ। त्यसो त सांसद र मन्त्रीहरूको आफ्नै निजी विद्यालय हुनाले सरकारलाई शिक्षामा लगानी गर्न दिँदैनन्। यसो हुँदा विद्यार्थीहरू निजी विद्यालयतिर आकर्षित हुन्छन्। भन्ने बेला निजी विद्यालयका सञ्चालकहरूले आफूहरूबाट शिक्षामा अद्वितीय भरथेग भएको भन्दै आएका छन्। सरकार पनि त्यहि निजी विद्यालयमैत्री कानुन बनाउन उद्यत् देखिन्छ। निजी विद्यालयहरूको माग पूरा गर्ने र कानुन बनाउँदा पनि उनीहरूलाई मात्र सुविधा र राहत पुग्ने गरी बनाइएकाले सरकारमाथि पनि प्रश्न उठ्न थालिएको छ। तर, सरकारमा पुगेपछि कालो पनि सेतो बनाउने नेताहरूका कारण जनता सहेरै बसेका छन्। गरिब जनताको पक्षमा वकालत गर्नुपर्ने नेताहरूले धनी वर्गको पक्षमा मात्र निर्णय गर्दा राज्यको सहयोग गरिब जनताले उपयोग गर्न सकेका छैनन्। यस्तो अवस्थाबाट सरकार जानकार रहे पनि सरकारले गरिब जनताको पक्षमा काम गर्नै चाहँदैन। गरिबको पक्षमा भाषण गरेर धनी वर्गका लागि मात्र फाइदा हुनेगरी कानुन तर्जुमा गर्ने राज्यको उपल्लो तहमा बस्नेहरूले यसबारे ध्यान दिनु जरुरी छ।

मुलुक समृद्ध बनाउने भनेर सरकारले भनिरहे पनि सरकारले सामुदायिक विद्यालयमा सूचना प्रविधिको शिक्षा पुऱ्याउन सकेको देखिँदैन। शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गतका ३५ हजार सामुदायिक विद्यालयमध्ये हालसम्म आठ हजार १७४ विद्यालय मात्र सूचना प्रविधिका लागि कम्प्युटर शिक्षाको पहुँच पुगेको विभिन्न तथ्यांकहरूले देखाएको छ। कम्प्युटर पुगेका ती विद्यालयमा करिब ३५ प्रतिशत मात्र इन्टरनेट सेवा पुगेका छन्। सबै विद्यालयमा कम्प्युटर शिक्षाका साथमा इन्टरनेटको सेवा पुऱ्याउने नीति मन्त्रालयलको भए पनि व्यवहारमा लागू भएको छैन। पूर्वाधार अभाव, स्रोतको अभावलगायतका कारणले कम्प्युटर पुगेका विद्यालयमा पनि इन्टरनेट सेवा पुग्न सकिरहेको छैन। सरकारले अब सामुदायिक विद्यालयहरूमा पनि सूचना प्रविधिका शिक्षाको पठनपाठन सुरु गर्नुपर्ने देखिन्छ।

सूचना प्रविधिको दिगो विकास लक्ष्यअन्तर्गत शिक्षा र स्वास्थ्यको लक्ष्य प्राप्त गर्न राज्यले लगानी गर्नुपर्ने हुन्छ। सामुदायिक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन मन्त्रालयले उच्च प्राथमिकता दिएर अघि बढ्नुपर्ने बेला आएको छ। निजी क्षेत्रले सूचना प्रविधि शिक्षा दिलाए पनि निजी विद्यालयहरू सहर केन्द्रित रहेकाले ग्रामीण क्षेत्रका विद्यार्थीहरू यस्तो शिक्षाबाट वञ्चित भएका छन्। सूचना प्रविधिको अधिकतम उपयोग गरी विद्यालय तहमा शिक्षण कार्य गराउन मन्त्रालयले उच्च प्राथमिता दिनका लागि कार्य योजना बनाउनुपर्ने देखिन्छ। शिक्षक एवं छात्रछात्रालाई सूचना प्रविधिको पहुँच बढाउन कार्यक्रम नै बनाएर अघि बढ्नु जरुरी छ। सरकारी सेवाका सबै कर्मचारीले सरकारी मेलमार्फत सूचना आदानप्रदान गर्न निर्देशिका तयार गरिएकोले यसलाई दैनिक व्यवहारमा पनि प्रयोगमा ल्याउनु जरुरी छ। निजी क्षेत्रलाई भन्दा पनि सरकारले सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि सूचना प्रविधिका शिक्षाको पठनपाठनमा अत्याधिक ध्यान दिनुपर्छ। निजी विद्यालयबाट उत्पादन भएका विद्यार्थी विदेशतिर जाने हुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरूबाट मुलुकका लागि उपयोगमा आउने हुनाले सामुदायिक विद्यालयमा सूचना प्रविधिको पठनपाठनमा ध्यान पुऱ्याउनु आवश्यक छ।

सुमन पौडेल
खोटाङ, हाल काठमाडौं।
(इमेलबाट)

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**बाँझो जमीनमा खेती अभियान** | म्याग्दीको मालिका गाउँपालिका-६ दुखुमा बाँझो जमीनमा खेती गर्नका लागि हलो जोत्दै । गाउँपालिकाले एक घर एक आत्मनिर्भर भन्ने नाराका साथ बाँझो जमीनमा खेती गर्ने अभियान शुरु गरेको छ। तस्विर : ध्रुबसागर शर्मा

# किटको अभावमा डोटीमा कोरोना परीक्षण स्थगित

■ प्रभाव संवाददाता

**डोटी**–डोटीमा कोरोना भाइरस परीक्षण गर्ने किटको अभावमा एक हप्तादेखि कोरोना परीक्षणको काम रोकिएको छ ।

जिल्लामा कोरोना भाइरस परीक्षण गर्ने किट नआइपुगेका कारण कोरोना परीक्षण रोकिएको जिल्ला स्वास्थ्य कार्यालय डोटीले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयले यहाँका विभिन्न स्वास्थ्य संस्थाको सहयोगमा कोरोनाको परीक्षणका लागि गाउँगाउँमा आरडिटी परीक्षण सञ्चालन गर्दै आएको थियो । किट सकिएसँगै उक्त परीक्षण रोकिएको हो ।

किटको अभावमा भारतबाट आएका दुई हजार ४४४ जनाको कोरोना परीक्षण हुन सकेको छैन । गत चैत १ गतेदेखि भारतबाट आएका जिल्लाका कूल चार हजार ५०० मध्ये एक हजार ७१९ जनाको आरडिटी परीक्षण गरिएको थियो । जसमा ३३७ को पिसिआर परीक्षण गरिएको थियो । किट अहिलेसम्म नआउँदा जिल्लामा कोरोना परीक्षणको काम पूर्णरूपमा बन्द भएको छ ।

किटको अभावमा पिसिआर विधिबाट गरिने कोरोना परीक्षणका पनि रोकिएको छ । किट सकिएपछि शंकास्पद बिरामीको कोरोना परीक्षणसमेत हुन सकेको छैन् ।

सुदूरपश्चिम प्रदेश सरकारले यहाँको




पहाडी जिल्ला बैतडी र डोटीमा समेत पिसिआर मेशिनमार्फत कोरोना जाँच गर्ने निर्णय गरेको भए पनि आवश्यक सामग्री तथा किट नहुँदा हालसम्म पनि सञ्चालन हुन सकेको छैन । पहाडी जिल्लामा सञ्चालन नहुँदा अहिले कैलाली जिल्लामा मात्रै पिसिआर प्रविधिबाट कोरोना परीक्षण हुँदै आएको छ ।

कोरोना परीक्षण गर्ने किट नभएका कारण भारतबाट आएका स्थानीयवासीको रोगको अवस्थाका बारेमा अहिलेसम्म यकिन बुझ्न नसकिएको स्वास्थ्यकर्मी बताउँछन् । जिल्लामा हप्ता दिनदेखि किट अभावमा संक्रमितको सम्पर्कमा आएका अन्य व्यक्तिको स्वास्थ्य परीक्षणसमेत हुनसकेको छैन । भारतबाट आएका व्यक्तिलाई स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा २१ दिन राखेर घर पठाए पनि किट अभावमा उनीहरूको सम्पर्कमा आएका अन्य व्यक्तिमा समेत कोरोना परीक्षण हुन नसकेको स्थानीयवासी बताउँछन् ।

सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालय दिपायल राजपुरका अनुसार सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा गरी पिसिआर र आरडिटीबाट हालसम्म १७ हजार ५२४ को कोरोना परीक्षण गरिएको छ । सुदूरपश्चिमका नौवटै जिल्लाका स्थानीय तहले सञ्चालनमा ल्याएका ३९१ क्वारेन्टाइनमा अहिलेसम्म तीन हजार ३७४ जना राखिएको निर्देशनालयले जनाएको छ ।

# विद्यार्थी र अभिभावकलाई नियमित परामर्श

**पोखरा**–विद्यालयको वार्षिक परीक्षा सकेका र एसइईको परीक्षा दिनै नपाएका विद्यार्थी यतिखेर बन्दाबन्दीका कारण घरघरमा नै छन् । विद्यालयको वार्षिक परीक्षा सकिएको दुई महिना बितिसक्दा पनि विद्यालय जान नपाएका र एसइईको परीक्षा दिन नपाएका विद्यार्थीलाई घरमा बसिरहँदा अत्यार लाग्न थालिसकेको छ नै अभिभावकलाई पनि चिन्तित बनाएको छ ।

कोरोना भाइरसको महामारी फैलँदै गएका अवस्थामा बन्दाबन्दी जारी छ भने सरकारले अर्को सूचना जारी नहुँदासम्मका लागि विद्यार्थी भर्ना रोक्नु भनेको छ । सरकारको निर्देशनलाई आत्मसात् गर्दै सकेसम्म प्रविधिको प्रयोगबाट सामाजिक दूरी कायम गर्दै अधिकांश विद्यालयले विद्यार्थीको वार्षिक परीक्षाफल भने प्रकाशन गरिसकेका छन् । परीक्षाफल प्रकाशन गरिए पनि विद्यार्थी भर्ना भने नगरिएको पोखरा महानगरपालिका-३२ स्थित गोगन मावि व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेलले बताए ।

दुई महिनादेखि घरमा रहेका बालबच्चाको आगामी शैक्षिक वर्षको पढाइका लागि अभिभावकहरूले दिनानुदिन चासो व्यक्त गरिरहेको उनले बताए । 'विद्यार्थी तथा अभिभावकलाई विद्यालयका तर्फबाट टेलिफोनको प्रयोग गरी निरन्तर सम्पर्क गरिरहेका छौँ' उनले भने, 'एसइई दिने विद्यार्थीका लागि त सम्बन्धित विषयका शिक्षकले उनीहरूका पढाइका क्रममा परेका समस्यालाई समेत नियमित परामर्श सेवा दिँदै आउनुभएको छ ।'

अभिभावकसँगको सम्पर्कका क्रममा महामारीको यस क्षणमा बालबच्चालाई घरघरमा नै सुरक्षित राख्न र आगामी पढाइका लागि अनावश्यक चिन्ता नलिन परामर्श प्रदान गरिरहेको उनले बताए । लामो समयको घरको बसाइलाई सिर्जनात्मक बनाउन उनीहरूलाई विभिन्न रचनात्मक काममा व्यस्त बनाउन पनि अभिभावकलाई आग्रह गरिएको छ ।

महामारी फैलँदै गएका अवस्थामा विद्यार्थीको भर्ना लिँदा विद्यालयमा पढ्ने विद्यार्थी तथा अभिभावकको चापका साथै पाठ्यपुस्तक खरिद लगायतका विषयले उनीहरूलाई थप चिन्तित बनाउने भएका कारण पनि सरकारले सोचविचार गरेर मात्रै भर्ना खुलाउनुपर्ने देखिएको उनको भनाइ छ । कास्कीकै विजयपुरस्थित भवानी कालिका माविले पनि वार्षिक परीक्षाफल प्रकाशन गरिसकेको छ । परीक्षाफल प्रकाशन भए पनि विद्यालयले विद्यार्थीको भर्ना भने नलिएको विद्यालयका प्रधानाध्यापक रमेश भट्टराईले जानकारी दिए ।

यसबीचमा विद्यालयले विद्यार्थी तथा अभिभावकसँग टेलिफोनमार्फत सम्पर्क गरिरहे पनि कतिपय भने बन्दाबन्दीका कारण आफ्ना गाउँघरमा फर्केका कारण सम्पर्क हुन नसकेको उनले बताए । उनका अनुसार विद्यालयले एसइई परीक्षाको तयारीमा रहेका विद्यार्थीका लागि भने सम्बन्धित विषय शिक्षकले निरन्तर सम्पर्क गर्दै शैक्षिक परामर्श प्रदान गरिरहेका छन् । 'महामारीको यस क्षणमा दूर शिक्षा, भर्जुअल लर्निङलगायत प्रविधिमा आधारित सिकाइलाई प्राथमिकता दिनुपर्ने देखिन्छ' नेपाल शिक्षक संघ कास्कीका अध्यक्षसमेत रहेका भट्टराईले भने, 'हाम्रो विद्यमान संरचना एवं साधनस्रोतको अभाव आदिका कारण यसमा सबैको पहुँच नपुग्नु भने चुनौतीपूर्ण बनेको छ ।'

तथ्यांकअनुसार कास्की जिल्लामा करीब ४०४ सामुदायिक विद्यालय र २२८ वटा संस्थागत विद्यालय छन् । जिल्लाका कतिपय विद्यालयले परीक्षाफल प्रकाशन गरिसकेर कतिपय गर्ने क्रममा रहेको जिल्ला शिक्षा समन्वय इकाइ कास्कीका प्रमुख नारायण सुवेदीले जानकारी दिए । सरकारले परिपत्र जारी गरेसँगै विद्यालयमा आगामी शैक्षिक वर्षका लागि भर्ना प्रक्रिया शुरु गरिने उनले बताए । रासस

## पहिरोबाट क्षति

**पाँचथर(प्रस)**–फालेलुङ गाउँपालिका-३ ताङलेपास्थित नवमीखोलाको पुलमा जेठ १ गतेदेखि ३ गतेसम्म परेको अविरल बर्षाको कारण पहिरो जाँदा पुल छेउको माटो बगाई पुलमा क्षति भएको छ ।

साथै सोही गाउँपालिका-२ स्थित सोही खोलाको मच्छेबुङतर्फको कलभर्ट समेत करिब १० फिट बगाउनुको साथै सोही ठाउँ बस्ने रण बहादुर राई लगायत १० जनाको घर तथा अलैची बारीमा क्षति पुगेको छ । घटनाको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मेमेङबाट प्रहरी टोली खटी गई आवश्यक उद्दार कार्य गरिरहेको छ ।

# राहत माग्न आउने श्रमिकलाई रोजगारी

■ दीपक श्रेष्ठ

**गोरखा**–गोरखाको अजिरकोट गाउँपालिकाले राहत माग्न आउने श्रमिक वर्गलाई रोजगारी दिन शुरु गरेको छ । बन्दाबन्दीका बेला समस्या परेका मजदुरलाई दैनिक गुजारा चलाउन समस्या नहोस् भन्ने उद्देश्यले श्रमिकलाई विभिन्न खालका विकास निर्माणका काम गर्ने गरी रोजगारी दिन शुरु गरेको गाउँपालिका अध्यक्ष फणिन्द्र धितालले बताए । बन्दाबन्दीका बेला रोजगारी गुमाउँदा दैनिक गुजारा चलाउन समस्या परेको भन्दै राहत माग्न आउनेलाई गाउँपालिकाले रोजगारी दिन शुरु गरेको उनको भनाइ छ ।

'बन्दाबन्दीका बेला काम खोसिएका श्रमिकलाई पहिलो चरणमा गाउँपालिकाले पर्यटन पदमार्ग निर्माणको काम दिएको छ' उनले भने, 'त्यो काम सकिएपछि अर्को ठाउँमा विकास निर्माणकै काम उहाँहरूलाई परिचालन गर्ने तयारी गाउँपालिकाले गरेको छ ।' बन्दाबन्दीले समस्यामा परेका श्रमिक, विपन्न, व्यक्तिलाई पहिलो चरणमा राहतस्वरूप गाउँपालिकाले खाद्यान्य वितरण गरेको भए पनि अब श्रममा आधारित राहतलाई प्राथमिकता दिइने अध्यक्ष धितालले बताए । श्रमिकलाई रोजगारी दिनका लागि गाउँपालिकाले नागेपोखरी जाने पर्यटन



पदमार्गका लागि बजेट विनियोजन गरी काम शुरु गरेको उनले जानकारी दिए । 'नागेपोखरी, निम्चेपोखरीसम्म जाने पर्यटन पदमार्गका लागि गाउँपालिकाले ७० लाख विनियोजन गरेको छ' गाउँपालिका अध्यक्ष धितालले भने, 'यो बजेटबाट पदमार्ग बनाउँदा गाउँका असङ्गठित क्षेत्रका श्रमिकले रोजगार पनि पाउने छन् र पदमार्ग पनि निर्माण हुनेछ ।'

उनले निर्माणमा खटिएका श्रमिकलाई जिल्लामा निधारित दरभाउअनुसार दैनिक ज्याला निर्धारण गरेको बताए । 'अदक्ष जनशक्तिलाई आठ घण्टाको ७६० का दरले ज्याला दिने निर्णय गरी श्रमिकलाई काममा परिचालन गरेका छौं' उनले भने, 'बन्दाबन्दीको अवधिमा पनि यसले विकास निर्माणको कामलाई अघि बढाउन सजिलो भएको छ ।' काम गर्दा उनीहरूलाई सामाजिक दूरी कायम गर्न भनिएको अध्यक्ष धितालले जानकारी दिए ।

उक्त पदमार्ग निर्माणका लागि अघिल्लो वर्ष खर्च गर्न नसकेको बजेट यो वर्ष भने श्रमिकको अभाव नभएपछि सजिलो भएको बताए । 'उहाँहरूलाई रोजगारी चाहिएको छ, गाउँपालिकालाई विकास निर्माणको काम गर्न श्रमिक चाहिएको छ' अध्यक्ष धितालले भने, 'यसले दुवै पक्षको आवश्यकता पनि पूरा गर्ने र विकास निर्माणको काम पनि हुने हुँदा अहिले समय पनि महत्वपूर्ण भएको छ ।' गाउँपालिकाले पहिलो चरणमा ५० जनालाई रोजगारी दिएको उनको भनाइ छ । उक्त पदमार्ग करिब २० किलोमिटर लामो रहेको छ । पदमार्ग निर्माणका लागि निश्चित दूरी कायम गरिएको छ । एउटा समूहमा १० भन्दा बढी रहन नपाउने गरी काममा लगाइएको अध्यक्ष धिताललेले बताए । पहिलो चरणमा रोजगारी दिइएकालाई निश्चित दिनपछि फिर्ता पठाउने र अर्को समूहलाई सोही काममा लगाउने योजना गाउँपालिकाले बनाएको उनले बताए ।

गाउँपालिकाले पहिलो चरणमा राहत दिएका ४८० जनालाई दोस्रो चरणमा रोजगारी दिने गरी काम थालेको अध्यक्ष धितालले जानकारी दिए । 'केही दक्ष मिस्त्री थप्ने योजनामा गाउँपालिका रहेको छ' उनले भने, 'त्यसबाहेक सबै श्रमिक बन्दाबन्दीको बेला पहिलो चरणमा राहत लिएका मात्र हुनेछन् ।' गाउँपालिकाले बन्दाबन्दीका कारण समस्यमा परेका श्रमिकलाई रोजगारी दिएर नागेपोखरीमा काठैकाठको प्रयोग गरी पर्यटन सूचना केन्द्र बनाउने योजना बनाएको अध्यक्ष धितालले जानकारी दिए । रोजगारी पाएसँगै श्रमिक पनि खुशी भएको उनको भनाइ छ । रासस


**मदाने गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पुर्कोटदह, गुल्मी
५ नं. प्रदेश नेपाल

**शिलवन्दी बोलपत्र आह्वानको सूचना नं. २०**

तेस्रोपटक प्रकाशित मिति २०७७।०२।०५

मदाने गाउँपालिकामा विभिन्न निर्माण सम्बन्धि कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकाले इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरूका लागि निम्न सर्तको अधिनमा रही रितपूर्वक शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

१. शिलबन्दी बोलपत्र फारम यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र प्रोप्राइटर वा निजको आधिकारिक प्रतिनिधिबाट पछि फिर्ता नहुने गरी रु. १००० (अक्षेरूपी रु एक हजार रूपैयाँ मात्र) दस्तुर तिरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र खरिदका लागि पेस गर्दा निवेदन, उद्योग दर्ता प्रमाणपत्र, ठेक्का इजाजत प्रमाणपत्र नवीकरणसहित, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि आ व ०७५।०७६ सम्म कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित कार्यालय समयमा सूचनाको म्यादभित्र खरिद गर्न सकिने छ ।
३. खरिद भएको बोलपत्र फारममा उल्लेख भएका विवरणहरू प्रस्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी नियमानुसार यो सूचना प्रकाशन भएको मितिले ८औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । दर्ता भएका बोलपत्र सोहि दिन दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रहोबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बुझाउने दिन सार्वजनिक बिदा पर्न भएमा सोको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र फारम खरिद गर्न वा बुझाउन सकिने छ ।
५. बोलपत्र खामबाहिर ठेक्का नम्बर, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. प्रष्ट लेखी यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलवन्दी गरी पेस गर्नु पर्नेछ ।
६. बोलपत्र साथ तपशिल बमोजिमको धरौटी बा जमानतबापतको रकम यस कार्यालयको कृषि विकास बैंक, शाखा कार्यालय, पुर्कोटदहमा रहेको खाता न ०४२५४०१४९९७४८०४१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावर यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकहरूबाट बोलपत्र पेस गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बैंक जमानत बिडबन्डको सक्कल प्रति पेश गर्नु पर्ने छ ।
७. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मु.अ.करबाहेकको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।
८. एउटा फर्मको नामबाट खरिद भएको बोलपत्र फारम अर्को फर्मका नाममा दाखिला गर्न पाइने छैन ।
९. कुनै सर्त राखी पेस गरेको सूचनाको सर्तविपरीत भएको, कार्यालयबाट उपलब्ध गराइएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेस हुन आएको बोलपत्रउपर कुनै कारबाही गरिने छैन तथा बोलपत्र आंशिक रूपमा वा पूरै स्वीकृत गर्ने/ नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
१०. अन्य कुराहरू सार्वजनिक खरिद ऐन, ०६३ र सार्वजनिक खरिद नियमावली, ०६४ (संसोधनसहित) एवं प्रचलित ऐन नियमअनुसार हुनेछ ।
११. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५७०६७५०९, ९८४७५९१४४९ मा सम्पर्क राख्न सकिने छ । यो सूचना www.madanemun.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम मु.अ.करसहित | बोलपत्र जमानतको रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| OMDRM-GUL-SQ-30-076/077 | Rehale Secondary School Physical Infrastcture Project | 981339.00 | 25000.00 | 1000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक
National Daily

रूपशाला




## तुच्छ गाली भन्दै आलोचना

बलिउड अभिनेत्री अनुष्का शर्मा निर्मित सिरियल 'पाताल लोक'मा नेपालीलाई तुच्छ शब्द प्रयोग गरी गाली एक दृश्य चर्चासँगै र विवादमा आएको छ। अमेजन प्राइम सिरिजमा प्रसारण भइरहेको सिरियलको दोस्रो एपिसोडमा महिला पुलिसले एक युवतीमाथि कुटपिट गर्दै भन्छिन्, 'साथी हुन् कि ग्राहक हुन् ? धन्धा गर्छेस् ? यही डाइलगलाई लिएर नेपालमा बहस सुरू भएको छ।


सोमबार, ५ जेठ २०७७ (Monday, May 18, 2020)





■ प्रभाव संवाददाता

**काठमाडौं–** किरण नेपालीद्वारा निर्मित तथा प्रस्तुतिमा छोटो फिल्म 'झड्केलो'को पोस्टर सार्वजनिक भएको छ। नेपाली समाजमा महिलाले दोश्रो विवाह गरेर जाँदा पहिलो श्रीमान तर्फको सन्तानलाई पछिल्लो श्रीमानले 'झड्केलो' भन्ने गरिन्छ। शिर्षकले नै कथाले यही विषय बोल्न संकेत गरेको छ। फिल्म फेस्टिबल र विभिन्न एपमार्फत शुल्क तिरेर फिल्म हेर्न सकिने निर्माता नेपालीले बताएका छन्।

करिब ४५ मिनेट अवधिको यो फिल्मको मुख्य भूमिकामा प्रसान्त भण्डारी रहेका छन्। लकडाउन अगाडि नै छायाँकन गरिएको फिल्मको सम्पादनको काम सकेर डिजिटल प्लेटफर्ममार्फत सार्वजनिक गर्ने तयारी रहेको निर्माण टिमले जानकारी दिएको छ।

राजबहादुर सानेको लेखन तथा निर्देशन रहेको फिल्ममा पृथ्वीराज प्रसाईं, किशोर खतिवडा, अर्जुन गुरुङ, नविन रेग्मी, सतिश खत्री, दामोदर खतिवडा, सानिया खान, संगीता नापित, प्रिया रिजाल र हिवा( ला गौतमको अभिनय रहेको छ।

फिल्ममा श्रीकृष्ण परियारको नृत्य, सीडीविजय अधिकारी र पुरुषोत्तम न्यौपानेको संगीत, शंकर मह( र्जनको द्वन्द, जयराम थापाको छायांकन र तारा थापा 'किम्भे' को सम्पादन रहेको छ।

# मैथिलीमा रज्जा रानी




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'राज्जा रानी' मैथिली भर्सन सार्वजनिक भएको छ। अभिनेत्री केकी अधिकारी र नाजिर हुसेन अभिनित फिल्म युट्युवमार्फत सार्वजनिक गरिएको हो। आर्यन फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा नाजिर हुसेन, केकी अधिकारी, कामेश्वर चौरासियाको मुख्य भूमिका छ। पश्चिम तराइको जनजाती प्रेमकथामा फिल्म निर्माण भएको छ।

फिल्म रमेश एमके पौडेलले निर्माण गरेका हुन्। फिल्ममा लक्ष्मी वर्देवा, संगीता नापित, अरुण रेग्मी, दीपक क्षेत्रीलगायतका कलाकारको मुख्य भूमिका छ। फिल्ममा ताराप्रकाश लिम्बु र दीपक शर्माको संगीत, पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको कोरियोग्राफी छ।

# प्रदर्शनको पर्खाइमा बिग बजेटका फिल्म

■ प्रभाव संवाददाता





**काठमाडौं–** अन्य देशमा जस्तै भारतमा पनि लकडाउन छ। यसैबेला भारतको ओटिटी प्लेटफर्म अमेजन प्राइममा सात नयाँ फिल्म हलमा नलाग्दै रिलिज हुने घोषणा गरिएको छ।

सानो र मध्यम बजेटको ती फिल्महरू मिडिया प्लेटफर्ममा जाने तयारी रहेको बत( इएको छ। तर, हाई बजेट फिल्म बनाउने निर्माताहरू भने अझैपनि लबडाउन सकिने समय कुरिरहेका छन्। यस्तै, फिल्म '८३' र 'सुर्यबंशी' जस्ता ठुलो लगानीका फिल्म रिलायन्स इन्टरटेनमेन्ट अझैसम्म फिल्म हलमा नै रिलिज गर्ने प्रतिक्षामा छन्। कम्पनिका सिईओ शिवाशिष सरकारले भारतीय सञ्चारमाध्यमसँग कुरा गर्दै उक्त विषयको जानक( ारी दिएका छन्। फिल्महल खुल्ने सम्भावना एक बर्ष नरहेको स्थितिमा समेत उनी निराशाव( दी नभएको बताएका छन्। अन्य देशमा झैँ भारतमा समेत अगस्ट सेप्टेम्बरसम्ममा फिल्म हल खुल्ने उनले अपेक्षा छ।

साथै, अब बन्ने फिल्म फिल्महलको साथसाथ ओटिटीका लागि समेत बन्ने उनको ठम्याई छ। तर, पछिल्लो एक महिना यता भारतमा कोरोना भाइरसको संक्रमण तिव्ररूपमा फैलिरहेको छ। भारत सरकारले पछिल्लो समय पुनः त्यहाँ दुई साता लकडाउन थपेको छ। यस्तै पारा हो भने उनको ठक्म्याई केवल कल्प( नामात्र हुने अनुमान गरिएको छ।



# अन्योलमै नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता

■ कृष्ण दवाडी



**कास्की –** नीति तथा कार्यक्रममा यसपटक खेलकूदलाई कम प्राथमिकता दिइएको गुनासासँगै फागुनमा गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताबारे केही उल्लेख नहुँदा तोकिएको मितिमा आयोजना हुनेमा आशङ्का शुरु भएको छ। यसअघि खेलकूदका महत्वपूर्ण प्रतियोगिता सरकारले वार्षिक कार्यक्रममा समावेश गर्थ्यो।

गत वर्ष वैशाखमा प्रदेश नं ५ को बाँकेलगायत जिल्लाहरूमा सम्पन्न आठौं राष्ट्रिय खेलकूदपछि नवौंको जिम्मा गण्डकी प्रदेशले पाएको थियो। प्रतियोगिता समापनका अवसरमा आगामी संस्करण आयोजनाको झण्डा बोकेर गण्डकीको टोली पोखरा आएको थियो। मिति तय नभए पनि आगामी फागुनमा राष्ट्रिय खेलकूद आयोजना गर्ने भन्ने उल्लेख थियो।

नेपाली खेल क्षेत्रको कुम्भ मेला राष्ट्रिय खेलकूद सरकारले हरेक दुईदुई वर्षमा आयोजना गर्छ। विसं २०३८ देखि राष्ट्रिय खेलकूद गर्न शुरु गरिएको हो। कहिले नियमित तथा कहिले लामो अन्तरालमा प्रतियोगिता हुँदै आएकामा विसं २०७३ मा प्रदेश नं १ मा सातौं संस्करण आयोजनापछि विसं २०७५ मा आठौं आयोजना गरियो।

आगामी वर्षको कार्यक्रममा राष्ट्रिय खेलकूदबारे उल्लेख नहुँदा खेलकर्मी, खेलाडी तथा खेल सङ्घसमेत अन्योलमा छन्। कोभिड-१९ को सङ्क्रमण रोक्न देशव्यापी आह्वान गरिएको बन्दाबन्दीले खेल क्षेत्रसमेत प्रभावित बनेको छ। प्रस्तुत नीति तथा कार्यक्रममा स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्न सक्ने गरी खेलाडीको क्षमता विकास गरिने तथा स्थानीय, प्रादेशिक तथा राष्ट्रियस्तरमा सुविधासम्पन्न खेलकूद पूर्वाधारको निर्माण, स्तरोन्नति तथा उच्च पर्वतीय खेलकूद तालीम केन्द्र स्थापना र निजी क्षेत्रबाट निर्माण गरिएका खेल पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ भन्ने बाहेक अन्य विषय समेटिएका छैनन्।

खेलकूदका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिता तथा खेल पूर्वाधार निर्माण अहिले रोकिएको छ। आंशिक रूपमा केही पूर्वाधार निर्माण भइरहे पनि अधिकांश काम ठप्प छ। यसबाट राष्ट्रिय खेलकूद प्रभावित हुने आकलन गर्न थालिएको छ। राष्ट्रिय खेलकूदबारे सरकारको वार्षिक नीति कार्यक्रमा आउनुपर्नेमा नआउँदा तोकिएकै मितिमा प्रतियोगिता हुने बारेमा आशंका उत्पन्न भएको खेलकर्मीको भनाइ छ।

कोभिड-१९ संक्रमण रोक्नका लागि आवश्यक स्वास्थ्य पूर्वाधार निर्माण तथा स्वास्थ्य संस्थामा उपकरण, जनशक्ति थपलगायतमा सरकारको प्राथमिकता परेकाले समेत खेलकूदमा कम ध्यान गएको हुन सक्ने नेपाल ओलम्पिक कमिटीका उपाध्यक्षसमेत रहनुभएका नेपाल ह्याण्डबल संघका केन्द्रीय अध्यक्ष तेज गुरुङ बताउँछन्। उनले भने, 'अहिलेको प्रायोरिटी स्वास्थ्यतिर बढी भएर पनि होला। सागले खेल क्षेत्रलाई पोजिटिभ बनाएको अवस्थामा राष्ट्रिय खेलकूदका बारेमा नीति कार्यक्रममा समेटिएर आएको भए राम्रो हुन्थ्यो।'

नेपालगञ्जबाट नवौं संस्करण आयोजनाको झण्डा लिएर आएका पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका निवर्तमान अध्यक्ष सम्पन्न श्रेष्ठले राष्ट्रिय खेलकूद आयोजना राष्ट्रिय कार्यसूचीका रूपमा आउनुपर्नेमा नआउँदा स्वाभाविक अन्योल हुने बताउनुभयो। नीति तथा कार्यक्रममा उल्लेख नभए पनि राष्ट्रिय खेलकूद प्रतियोगिता सरकारको वार्षिक बजेट कार्यक्रममा समावेश हुने र यसै वर्ष सम्पन्न हुने उनको विश्वास छ। 'राष्ट्रिय एजेण्डा बन्नुपर्नेमा नहुँदा अहिले अन्योल चाहिँ भएको छ, बजेटमा यसलाई सम्बोधन होला', उनले भने।

सरकारले भने राष्ट्रिय खेलकूद तोकिएकै मितिमा सम्पन्न गर्ने कुरा अहिलेको कोरोनाको स्थितिमा भर पर्ने बताएको छ। समयमै प्रतियोगिता गर्नुपर्छ भन्नेमा सरकार रहे पनि कोभिड-१९ को प्रभाव लामो समय रहेका खण्डमा प्रतियोगिता सार्नाको विकल्प हुँदैन। युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले राष्ट्रिय खेलकूद प्रतियोगिता नीति कार्यक्रममा पर्नु/नपर्नुले खासै अर्थ नराख्ने र अहिलेको कार्यक्रमले खेलाडीलाई उत्साहित नै बनाउने बताउँदै कोरोनाको अवस्थामा सहज हुनेबित्तिकै आवश्यक पूर्वाधार निर्माण गरी प्रतियोगिता गरिने जिकिर गरे।

पूर्वाधार निर्माण र तयारीलाई लक्ष्य गरेर बजेट आउने बताउँदै मन्त्री विश्वकर्माले अहिलेको कार्यक्रमले खेलाडीको मनोबल उच्च बनाउने र पूर्वाधार निर्माणमा जोड दिएको उल्लेख गर्दै भने, 'नवौं राष्ट्रिय खेलकूदलाई लक्ष्य गरेर पोखरामा निर्माणाधीन सबै खेल पूर्वाधारका लागि बजेट विनियोजन गरिनेछ। खेलकूदमा आगामी वर्षको बजेट केही कम भए पनि खेल पूर्वाधार निर्माण बजेट अभावमा रोकिने अवस्था आउन दिइने छैन।'

गण्डकी प्रदेशमा तय भएको राष्ट्रिय खेलकूदका लागि अधिकांश खेल पूर्वाधार भने केही निर्माणाधीन तथा कुनै तयारी अवस्थामा छन्। प्रतियोगिताका लागि स्विमिङ पुल (पौडी पोखरी), सुटिङ रेञ्ज र हक्कीको पूर्वाधार अहिलेसम्म बनेका छैनन्। प्रतियोगिता अगावै ती पूर्वाधार तयार गर्नुपर्ने चुनौती छ। सरकारले नीति कार्यक्रममा स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरका खेल पूर्वाधार निर्माणलाई प्राथमिकता राखेको छ। गत वर्ष सम्पन्न १३ औं सागलाई लक्ष्य गरी थालनी गरिएका कतिपय खेलका पूर्वाधार निर्माणको चरणमा रहेकाले त्यसलाई पूर्णता दिई नवौंको तयारीमा लाग्नुपर्ने अवस्था विद्यमान छ। रासस

बुन्डेस लिगा फुटबल

# डर्टमन्डको फराकिलो जित



■ एजेन्सी

**बर्लिन –** कोरोना भाइरसका संक्रमणका कारण लामो समयपछि सुरु भएको जर्मन बुन्डेस लिगा फुटबलको पहिलो खेलमा बोरुसिया डर्टमन्डले फराकिलो जित निकालेको छ। शनिबार भएको खेलमा डर्टमन्डले शाल्केलाई ४-० गोलको फराकिलो अन्तरले हराएको हो।

डर्टमन्डका लागि राफेल गुईरेरियोले दुई गोल गरे। यस्तै अर्लिङ हालान्ड र थोर्गन हाजार्डले एक एक गोल गरे। खेलको २९ औं मिनेटमा हालाण्डले गोल गर्दै डर्टमन्डलाई सुरुवाती अग्रता दिलाएका थिए। खेलको ४५ औं मिनेटमा राफेलले गोल गर्दै डर्टमन्डलाई पहिलो हाफमा २-० को अग्रता दिलाए। दोस्रो हाफमा पनि डर्टमन्डले थप दुई गोल गऱ्यो। खेलको ४८ औं मिनेटमा हाजार्डले गोल गर्दा डर्टमण्ड ३-० ले अघि रह्यो। त्यसपछि खेलको ६३ औं मिनेटमा राफेलले व्यक्तिगत दोस्रो गोल गर्दै डर्टमन्डलाई ४-० को सहज जित दिलाए।

जितसँगै डर्टमन्डले शीर्ष स्थानको वायर्न म्युनिखसँगको अंक दुरी १ मा झारेको छ। डर्टमन्डले २६ खेलमा ५४ अंक जोडेको छ। एक खेल कम खेलेको वायर्नको ५५ अंक रहेको छ। शाल्के ३७ अंक जोडेर आठौं स्थानमा रहेको छ। कोरोना भाईरसको महामारीको कारण स्थगित लिग करिब २ महिनापछि शनिबारबाट सुचारु भएको हो। र, खेल दर्शकविना बन्द रंगशालामा खेलाईएको थियो। कोरोनाको कारण लिग गत मार्चबाट रोकिएको थियो। बुन्डेस लिगा कोरोनापछि सुचारु हुने पहिलो युरोपको शीर्ष डिभिजनको लिग हो।

# औद्योगिक दुर्घटनाले सिकाएको पाठ

■ कृष्ण अधिकारी

**काठमाडौं**-औद्योगिकीकरणको विस्तारसँगै यसको सुरक्षामा ध्यान नदिँदा हुनसक्ने दुर्घटनाले जनधनको क्षति तथा वातावरणीय र जनस्वास्थ्यमा पार्ने असरको मूल्य निकै महंगो पर्न जाने गर्दछ। यसको पछिल्लो उदाहरण भारतको आन्ध्र प्रदेश राज्यस्थित भाइजाग, विशाखापटनममा एल.जी. पोलीमर्स उद्योगबाट स्टाइरिन ग्यास चुहिँदा भएको दुर्घटनालाई लिन सकिन्छ। यस घटनालाई विश्वका धेरै सञ्चार माध्यमहरूले पनि प्रमुखताका साथ प्रकाशन र प्रशारण गरेका थिए।

यही मे ७ तारिखको बिहान करीब २.३० बजे भएको सो घटनामा परी कम्तीमा १२ जनाको मृत्यु भएको छ भने एक हजार जनालाई अस्पताल भर्ना गरिएका थियो। बेहोस अवस्थामा अस्पतालमा भर्ना गरिएका तीमध्ये धेरैको अवस्था गम्भीर रहेको बताइएको छ। कोरोना भाइरस नियन्त्रण गर्न भन्दै लगाइएको लकडाउनका कारण २४ मार्चपछि पहिलो पटक यो उद्योग खोलिएका बेला दुर्घटना भएको थियो।

उद्योगबाट निस्केको ग्यासको मुस्लो तीन किलोमिटर वरिपरिसम्म फैलिएको थियो। मानिसहरूलाई आँखा पोलेको र सास फेर्न गाह्रो भएको थियो भनी केहीको निस्सासिएर मृत्यु भएको थियो। दुर्घटनामा परी थुप्रै घरपालुवा जनावरहरू गाई, भैंसी, कुकुर, बिरालो, चरा, सर्पहरू मरेका थिए भने विषाक्त ग्यासबाट अन्नबाली तथा वातावरण, हावा, खानेपानीको स्रोतमा पनि नकारात्मक असर पुऱ्याएको छ।

यस पोलिमर फ्याक्ट्रीबाट चुहिएको स्टाइरिन ग्यास पोलिस्टिरिन प्लास्टिक र रेजिन बनाउन प्रयोग गरिन्छ। स्टाइरिन ग्यास रङ्गविहीन अथवा धेरै दिन राख्दा हल्का पहेँलो हुन्छ। यो १७ डिग्री सेल्सियसमा उम्लिन सक्ने अति प्रज्ज्वलनशील हुन्छ। यी तत्वबाट खानेकुरा राख्ने भाँडाहरू, सामान पोको पार्न आवश्यक प्लाष्टिक, कृत्रिम मार्बल, भूईंमा ओच्छ्याउने बस्तु, फर्निचर लगायत बनाउन सकिन्छ। यो ग्यास सामान्यतः रेफ्रिजरेटरमा राख्ने गरिन्छ। स्टाइरिनयुक्त हावामा श्वासप्रश्वास गर्दा नाक र घाँटीमा खसखस हुने, खोकी लाग्ने, दम आउने र फोक्सोमा पानी जम्न सक्ने विशाखापटनमस्थित होमिभावा क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरका संस्थापक निर्देशक डा रघुनाधा राव बताउनुहुन्छ।

स्टाइरिनको मात्रा बढी भयो भने स्टाइरिन बिमार हुन सक्छ। यसले टाउको दुख्ने, वाकवाकी लाग्ने, वान्ता आउने, कमजोरी महसुस हुने, थकाइ लाग्ने, अचेत जस्तो हुने हुन्छ। केहीलाई मुटुको चालमा अनियमितता हुन सक्छ र बेहोस पनि हुन सक्छ। केही अध्ययनले स्टाइरिन र रक्त क्यान्सरबीच सम्बन्ध हुनसक्ने देखाएको उहाँको भनाइ छ। विश्व स्वास्थ्य संगठन र क्यान्सरसम्बन्धी अनुसन्धान गर्ने अन्तर ाष्ट्रिय संस्था (आइएआरसी) को अनुसार स्टाइरिन ग्यास मानवको लागि सम्भाव्य क्यान्सर लगाउन सक्ने रसायनको रूपमा पहिचान भैसकेको रसायन हो।

घटनाको लगत्तै कोरियामा यसबारेमा पत्रकार सम्मेलन गरी आगामी दिनमा यसखालका दुर्घटना हुन नदिन उच्च सतर्कता अपनाउनु पर्नेमा जोड दिइएको त्यहाँको केबिसी टेलिभिजनले समाचार प्रशारण गरेको थियो। यस्तै कार्यस्थलको सुरक्षा, सरसफाइ र कामदारहरूको अधिकारका क्षेत्रमा कार्यरत व्यावसायिकजन्य स्वास्थ्य र वातावरण प्रभावित संस्थाहरूको एशिया सन्जालले आयोजना गरेको वेभनर पत्रकार सम्मेलनमा कोरियाका सियोल विश्वविद्यालयको स्कुल अफ पब्लिक हेल्थका प्रा डोम योङ पिकले यस किसिमका औद्योगिक दुर्घटनाहरू हुन नदिन सरकारहरूले विशेष कानूनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

सञ्जालका संयोजक तथा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक रामचरित्र साहले यस उद्योगमा भएको दुःखद् घटनाबाट अन्य उद्योगहरूमा पनि बन्दाबन्दीको दौरान वा खुलेपछि उद्योगहरू सञ्चालनमा ल्याउनु अगाबै सबै सम्बन्धित पक्ष र सरकारले पूर्ण सावधानीहरू र सबैखाले व्यावसायजन्य सुरक्षा र स्वास्थ्य एवं व्यक्तिगत सुरक्षा कवचहरूको व्यवस्था मिलाउन जरुरी रहेको बताउनुभयो।

एल.जी. पोलीमर रासायनिक उद्योगबाट ग्यास चुहावट हुँदा कुनै सूचना वा साइरन बजाउने काम भएको थिएन। तथापि, लगत्तै सबै आपतकालीन सेवा निकाय दुर्घटनास्थल पुगेको र घाइतेहरूलाई तत्काल अस्पताल लैजान सकेका कारण अझ ठूलो क्षति हुन पाएको थिएन। ग्यास फैलिएपछि स्थानीय बासिन्दा आत्तिँदै घर बाहिर भागदौड गरेका थिए।

प्रहरीले आसपासका इलाकाबाट सैयौं मानिसलाई सुरक्षित स्थानमा लगेको थियो। घटना लगत्तै उद्योग वरपरका पाँच गाउँ खाली गराइएको स्थानीयवासी नागेश्वर रावले पत्रकार सम्मेलनमा बताउनुभयो। मे ८ मा नेशनल ग्रीन ट्रिबुनलले ६.६ मिलियन अमेरिकी डलर धरौटी राखी अनुसन्धानका लागि समिति बनाएर अनुसन्धान गर्न आदेश दिएको बिबिसी हिन्दीले जनाएको थियो। सन् १९६१ मा स्थापना भएको एलजी पोलिमर इण्डिया प्रालि नामक यस कम्पनि पछि कोरियाको कम्पनीअन्र्तगत सञ्चालित रहँदै आएको छ। हाल यस कम्पनिमा ६०० भन्दा बढी कामदार रहेका छन्। यसको वार्षिक कारोवार २०० मिलियन डलर हुने गर्दछ।

**महाविपत्तिको ३५ वर्षपछि भोपाल**

भारतमा पटक पटक यस किसिमका ग्यास चुहावटका दुर्घटना हुने गरेको छ। सन् १९८४ मा भारतको मध्यप्रदेशको भोपालमा यस्तै दुर्घटना भएको थियो। युनियन कार्बाइड इण्डिया लिमिटेड नामक एउटा कारखानाबाट ठूलो मात्रामा रासायनिक पदार्थ चुहावट भएर हजारौं मानिसको मृत्यु भएको थियो। युनियन कार्बाइडको कारखानाबाट विषालु ग्यास हावामा फैलिएपछि २४ घण्टाभित्र कम्तीमा तीन हजार जनाको ज्यान गयो भने हजारौं मानिसको त्यसपछि पनि मृत्यु भएको थियो। पाँच लाखभन्दा बढी मानिस प्रत्यक्षरूपमा प्रभावित बनेको विषयलाई विभिन्न समाचार एजेन्सीहरूले आफ्नो समाचारहरूमा उल्लेख गरेका थिए। उक्त चुहावटलाई संसारकै सबैभन्दा ठूलो र नराम्रो औद्योगिक दुर्घटना मानिन्छ। दुर्घटना भएको ३५ वर्षपछि पनि हजारौं मानिसलाई फोक्सोको रोग लाग्ने गरेको छ भने अझै सोही दुर्घटनाको असरका कारण अपाङ्गता भएका बच्चाहरू जन्मिने गरेको पीडितहरूले बताउने गरेका छन्।

सन् १९८९ मा भारतको सर्वोच्च अदालतले पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको थियो। तर धेरै पीडितले थप क्षतिपूर्तिको आशा र उक्त स्थानको सफाइ हुनुपर्ने माग अहिले पनि राख्दै आएका छन्। गत वर्ष उक्त दुर्घटना भएको ३४औं वर्ष पुगेको अवसरमा न्यायको माग राख्दै भोपालमा ठूलो जुलुस निकालिएको थियो। भोपाल दुर्घटनापछि भारतले विभिन्न ऐन नियमहरूको तर्जुमा गरी औद्योगिक तथा रासायनिक दुर्घटनाबाट बच्न विशेष जोड दिएको पाइन्छ।

सन् १९८६ मा वातावरण संरक्षणसम्बन्धी ऐन तथा नियमावली, सन् १९८९ मा जोखिमपूर्ण फोहरसम्बन्धी नियम र जोखिमपूर्ण रसायनको उतपादन, भण्डारण र निर्यातसम्बन्धी नियम, सन् १९९६ मा रसायनिक दुर्घटना नियम, सन् १९८७ मा उद्योग संशोधन ऐन र सन् १९९१ मा सार्वजनिक दायित्व वीमा ऐनको तर्जुमा गरेको पाइन्छ। यति धेरै कानूनहरूमा औद्योगिक दुर्घटनाको न्यूनीकरणका लागि आवश्यक कानूनी आधार भएर पनि विशाखापटनममा अहिले भएको दुर्घटनाले त्यसको कार्यान्वयनका कतै कमजोरी रहेको प्रष्ट हुन्छ।

**औद्योगिक सुरक्षाको प्रश्न**

भारतमा मात्र नभएर विश्वका थुप्रै मुलुकहरूमा यस किसिमका दुर्घटनाहरू हुने गर्दछन्। यसखालका औद्योगिक सुरक्षा हुन नदिन र भइहालेमा पनि क्षति हुन नदिन पछिल्लो समय विश्वव्यापीरूपमै उच्च सतर्कता अपनाइएको छ। रासस

# एकै दिन ५ हजारमा कोरोना

**नयाँदिल्ली**-भारतमा आइतबार बिहानसम्म कोरोनाभाइरसका संक्रमितका संख्या ९० हजार नाघेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा झण्डै पाँच हजार नयाँ संक्रमित भेटिएका छन्।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा हाल ५३ हजार ९४६ जनामा कोरोनाभाइरसको संक्रमण रहेको छ। भारतमा कूल २ हजार ८७२ जनाको कोरोनाभाइरसको संक्रमणबाट मृत्यु भइसकेको छ। करिब ३४ हजार १०८ जना निको भएर डिस्चार्ज भएका छन्।

विगत २४ घण्टाको अवधिमा झण्डै ४ हजार मानिस निको भएर अस्पतालहरूबाट डिस्चार्ज भएको पनि मन्त्रालयले जनाएको छ।

भारतीय राज्य महाराष्ट्रमा ३० हजार ७०६ जनामा कोरोना देखिएको छ भने गुजरात र तामिलनाडूमा क्रमशः १० हजार ९८८ जना र १० हजार ५८५ जना कोरोना संक्रमित भेटिएका छन्।

भारतीय राजधानी नयाँदिल्लीमा भने ९ हजार ३३३ जनामा कोरोना पुष्टि भएको छ। (रासस/एएनआई)


**Pokhariya Municipality**
**Office of Municipal Executive**
Pokhariya, Parsa
2 No. State, Nepal

## Invitation for Bids

**First Date of Publication : 2077/02/05**

1. The Government of Nepal has allocated funds towards the cost of Infrastructure of different Construction Project and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of different project as listed below. Bidding is open to all Nepalese eligible bidders.
2. Pokhariya Municipal Office, Parsa invites bidding from eligible bidders for the Supply of as mentioned below under National Competitive Bidding procedures.

| S N | Contract ID No. | Project Name | Bid Security | Bid Documents Cost |
|---|---|---|---|---|
| 1 | 05/2076-77 | **Nagarpalika Ko Pratayk Wada Ko Sadak Haru Marmat Sambhar.** | 1,25,000/- | 3,000/- |
| 2 | 06/2076-77 | **Wada no-1 Nagar Yojna Ko Jagha Dekhi Uttar Mandir Samma Main Road Matopuri Gravel & Ward no-2, Shiv Dhari Yadav Ko Ghar Dekhi Purb Jaane Ramayan Raut Ko Ghar Hudai Shankar Thakur Ko Ghar Hudai Uttar Janne Jamuniya Tole Nahar Samma Matopuri Gravel.** | 50,000/- | 3,000/- |
| 3 | 07/2076-77 | **Ward no-3, Bajar Shed Dekhi Ramjanki Mandir Hudai Fulwariya Janne Bato Dekhi Chinni Mill Samma Maramat MatoPuri Gravel & Ward no-8, Rambilash Ko Ghar Dekhi Ramjit Sah Ko Khet Samma MatoPuri Gravel** | 50,000/- | 3,000/- |
| 4 | 08/2076-77 | **Ward no-4, Paras Mahto Ko Khet Samma Pokhariya Shrisiya janne Sadak Khand Samma Nala Tatha Sadak Dhalan..** | 65,000/- | 3,000/- |
| 5 | 09/2076-77 | **Gate Tatha Compound Wall Nirman (Mukhaya Karyale)** | 20,000/- | 3,000/- |
| 6 | 10/2076-77 | **Gyaraje Nirman. (Mukhaya Karyale)** | 40,000/- | 3,000/- |
| 7 | 11/2076-77 | **Khanepani Dhara Kharid. Ward no-7** | 25,000/- | 3,000/- |
| 8 | 12/2076-77 | **Khanepani Dhara Kharid. Ward no-7** | 20,000/- | 3,000/- |
| 9 | 13/2076-77 | **Fabrication Of Steel Parts and Transportation up to Road heads of Rahariya Kabragaha Double span Truss Bridge** | 75,000/- | 3,000/- |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Pokhariya Municipal Office, Parsa.
4. A complete set of bidding Documents may be purchased from the Pokhariya Municipal Office, Parsa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till 2077/03/02.
5. All bidding shall be accompanied by a valid bid security issued by "A" class commercial bank of an amount as shown in the table above. The Bid security guarantee shall confirm to the standard format as specified in the bidding document. The bid security guarantee issued by only the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer.
   **Security Amount**
   **Account Name: Dharauti** **0507201189857036**
   **Bank Name:** **Agriculture Development Bank Ltd. Branch Office Pokhariya Parsa**
6. Bid must be submitted to the Pokhariya Municipal Office, Parsa by hand/courier on or before 12:00 Hrs on 2077/03/03. Bids received after this deadline will be rejected.
7. The Bidding will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 2077/03/03. at the Pokhariya Municipal Office, Parsa. Bid must be valid for a period of 90 days, after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नयाँबजार फोन **नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ ।** स्मार्ट सर्भिस नेपाल प्रा.लि.-**निामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ ।** लोटस कम्युनिकेशन- **गोंगबुचोक, फोनं. ४३६४७१ ।** ध्रुवको पसल - **डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop** (रोहित दाहाल) **- फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी **- नयाँ** बसपार्क **फोन नं. ९८१३९६०७४६ ।** सारीका स्टेशनरी पसल **- फोन नं. ९८५११२९६८६ ।** ज्ञानज्योती पुस्तक पसल **- बागबजार, फोन नं. ४२४००६० ।** विश्व स्वतन्त्र संचार **-ुन्धारा, फोन नं. ४२१९४१२ ।** निशा बुक्स एण्ड स्टेशनरी **- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ ।** वीडलिंक मिडिया प्रा.लि. **-पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ ।** हिमचुली स्टेशनरी **- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ ।** मलः स्टेशनरी **- गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal-पुतलीडक चोक, फोन नं. 9851079417, 2297501 | HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी -विश्वज्योति हलाईडमा),** बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर **- कलंकी चोक फोनः ०१-४२७६५३०,** फ्याक्‍स **०१-४२७१३२२ ।** दाजुभाई स्टेशनरी **- पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९,** ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ७५,८००/- | प्रति तोला – ७५,५००/- | प्रति तोला – ७२०/- |

## पर्यटन बचाउन राहत प्याकेजको माग

■ रासस


**काठमाडौं–** नेपाल पर्यटन बोर्डले कोभिड-१९ का कारण प्रभावित बनेको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि रु २० अर्बको राहत प्याकेज ल्याउन सरकारलाई सिफारिस गरेको छ । बोर्डले कोभिडका कारण पर्यटन क्षेत्रमा पुऱ्याएको असर र यसबाट उद्योग बचाउन अवलम्बन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई बुझाएको हो ।

प्रतिवेदनले हालको महामारीको अवस्थाबाट सिर्जित विसम परिस्थितिको असरबाट यस क्षेत्रलाई बचाइराख्न पर्यटन क्षेत्रमा कार्यरत मानव संसाधन (कर्मचारी एवं पर्यटन श्रमिक) को पेशागत सुरक्षाका लागि रु २० अर्बको राहत प्याकेजको कार्यक्रम समेटिएको छ। प्रतिवेदनमा पर्यटन क्षेत्रमा आबद्ध कर्मचारी एवं श्रमिकलाई राहत उपलब्ध गराउने, पर्यटन व्यवसायीलाई आर्थिक राहत र सहुलियत उपलब्ध गराउने र पर्यटन क्षेत्रको तत्काल पुनरुत्थानका लागि गर्नुपर्ने केही नीतिगत सुधार रहेका छन् ।

उक्त राहत प्राप्त गर्नका लागि पर्यटन क्षेत्रमा कार्यरत रहेको प्रमाण उपलब्ध गराउनुपर्नेछ । अन्तिम तीन महिनाको तलब बैंकमा जम्मा गरेको प्रमाण, पान दर्ता प्रमाणपत्र, आयकर तिरेको प्रमाण र सामाजिक सुरक्षाकोषमध्ये कुनै पनि प्रमाण पेश गर्नुपर्ने विषय समेटिएको छ । यो प्याकेज उपलब्ध गराउन सकिएमा पर्यटन क्षेत्रमा कार्यरत कर्मचारी एवं मजदुरको जीविकोपार्जनमा सघाई उनीहरूको पलायनलाई रोक्न सकिने बोर्डको धारणा रहेको छ। यसबाट पर्यटन सामान्य अवस्थामा फर्कनेबित्तिकै पर्यटन क्षेत्रमा मानव संसाधनको अभाव नहुने बोर्डको विश्वास छ ।

त्यसैगरी पर्यटन व्यवसायीका लागि आर्थिक सहयोग एवं सहुलियत उपलब्ध गराउने दोस्रो उपायका रूपमा सुझाइएको छ । यसमा व्यवसायीले लिएको ऋणको ब्याजदर घटाई आधार दर वा आधार दरमा थप एक प्रतिशतमा नबढ्ने गरी ब्याजदर कायम गर्नुपर्ने विषय रहेको छ ।

हाल नेपाल राष्ट्र बैंकले साविक ब्याजदरमा दुई प्रतिशत घटाउने निर्णय गरिसकेको भए तापनि पर्यटन व्यवसायीलाई विशेष प्राथमिकतामा राखी थप ब्याज घटाउनुपर्ने विषय औंल्याइएको छ । त्यस्तै व्यवसायीले लिएको ऋण चुक्ता गर्नुपर्ने अवधिलाई पुनर्तालिकीकरण गरी तीन वर्ष थप गर्नुपर्ने, ब्याजको पूँजीकरणका लागि एक वर्षको समय उपलब्ध गराइनुपर्ने, हाल राखेकै धितोका आधारमा थप रु २५ लाखसम्मको ऋण उपलब्ध गराउनुपर्ने र विद्युत् महसुल भुक्तानीमा छुट र विद्युत्को डिमान्ड शुल्क मिनाहा गर्नुपर्ने विषय समेटिएको छ ।




त्यस्तै आन्तरिक पर्यटन प्रवर्द्धनमा राहत पुऱ्याउने आँकलनसहित बोर्डले सरकारी तथा निजी क्षेत्रका कर्मचारीलाई पर्यटन बिदाको व्यवस्था गर्न सुझाव दिएको छ । हालको अवस्था सामान्य हुनेबित्तिकै पर्यटन क्षेत्रको तत्काल पुनरुत्थानका लागि केही नीतिगत व्यवस्था गर्नुपर्ने विषयसमेत बोर्डले सिफारिस गरेको हो । यसअन्तर्गत आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सरकारी, सार्वजनिक निकाय, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कर्मचारीलाई स्वदेशभित्रका विभिन्न गन्तव्य घुम्नका निमित्त निश्चित रकम र अवधिसहितको तथा भ्रमण कार्यक्रममा खर्च हुने रकममा आयकर छुटसहितको वा अन्य उपायबाट समेत पर्यटन बिदाको व्यवस्था गरिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

विभिन्न रोजगारीमा रहेका लाखौं मानिस यस व्यवस्थाअन्तर्गत स्वदेश भ्रमणमा गएमा उक्त भ्रमणबाट करिब रु ५३ अर्बको व्यापार हुने प्रक्षेपणसमेत गरिएको छ। त्यसैगरी व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत पर्यटन पूर्वाधारमा लगानी गर्नुपर्ने विषयलाई औद्योगिक व्यवसाय ऐन र नेपाल राष्ट्र बैंकले परिपत्रमार्फत सम्बोधन गरिनुपर्ने विषयसमेत उठान गरिएको छ । त्यसैगरी कर चुक्ता गर्नुपर्ने अवधिलाई ६ महिना पर सार्नसमेत उक्त प्रतिवेदनमार्फत सरकारसमक्ष सिफारिस गरिएको छ ।

बोर्डद्वारा विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ ले नेपालको पर्यटन क्षेत्रमा पारेको गम्भीर असरबाट पर्यटन क्षेत्रलाई बचाइराख्न तत्काल के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ भनेर सर्वेक्षण गरी प्रतिवेदन तयार गरेको थियो ।

## लकडाउनमा खरिद प्रक्रिया रोक्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल निर्माण व्यवसायी महासंघले कोरोना भाइरसको महामारीसँगै मुलुकमा जारी बन्दाबन्दीको अवधिमा समेत बोलपत्रलगायत खरिद प्रक्रिया यथावत् रहेकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सरोकारवाला निकायसँग पटकपटक ताकेता गर्दासमेत त्यस विपरीत अति आवश्यक र कोभिड-१९ सँग असम्बन्धित केही खरिद प्रक्रिया संघीय एवं प्रदेश सरकार र स्थानीय तहअन्तर्गतका सार्वजनिक निकायले अझै स्थगित नगरेको महासंघले जनाएको छ ।

महासचिव रोशन दाहालले भने, ' अहिलेको विषम परिस्थितिमा आफू खुशी आफ्ना नजीकका व्यवसायीलाई हुने गरी मानवीय स्वास्थ्यलाई समेत ख्याल नगरी बोलपत्रका खरिद प्रक्रिया यथावत् राखेकोप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।' निर्माण व्यवसायी बन्दाबन्दीका कारण एक ठाउँबाट अर्को ठाउँसम्म आवतजावत गर्न नसक्ने अवस्था सिर्जना भएको भन्दै महासंघले खरिद प्रक्रिया रोक्न विज्ञप्ति जारी गरी माग गरेको हो । यसअघि जारी भएका पाससमेत रद्द भई स्थानीय तहले समेत आफ्ना क्षेत्रभित्र आवतजावतमा कडाइका साथ रोक लगाएको महासंघले स्मरण गराएको छ ।

बैंक ग्यारेण्टीलगायतका कागजात तयार गर्नसमेत व्यवसायीलाई समस्या रहेको महासंघको गुनासो छ। पूर्ण क्षमतामा बैंक सञ्चालनमा नभएकाले ती बोलपत्रमा निर्माण व्यवसायी सहभागी हुनबाट वञ्चित हुने हुँदा त्यस्ता खरिद प्रक्रियामा स्वच्छ प्रतिस्पर्धा नहुने महासचिव दाहालले बताए ।

बन्दाबन्दीका समयमा समेत अति आवश्यक सेवा र कोभिड-१९ सँग असम्बन्धित खरिद प्रक्रियामध्ये आह्वान भइसकेका बोलपत्र खुलेको मितिले सात दिन पछिसम्म अनिवार्य म्याद थप गर्ने व्यवस्था गर्न महासङ्घले आग्रह गरेको छ। आगामी दिनमा आह्वान हुने सम्पूर्ण बोलपत्र, आशय पत्र, सिलबन्दी दरभाउपत्र लगायतका खरिद प्रक्रिया हाललाई स्थगित गर्न पनि महासंघले तीनै तहका सरकारसमक्ष अनुरोध गरेको छ ।




## चेम्बरद्वारा बजेटबारे सरकारलाई सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्शले आगामी आर्थिक वर्षको बजेटमार्फत नेपाललाई आत्मनिर्भर बनाउन योजनाबद्ध कार्यक्रम ल्याउनुपर्ने र कोरोनाका कारण अर्थतन्त्रमा परेको असरलाई कम गर्दै पुनरुत्थानमा केन्द्रित गर्न सरकारलाई सुझाव दिएको छ। चेम्बरका उपाध्यक्ष कमलेशकुमार अग्रवालले आइतबार राजश्व सचिव रामशरण पुडासैनीलाई एक सुझावपत्र बुझाउँदै कोरोना असर कम गरी मुलुकको समग्र अर्थतन्त्रलाई पुरानै गतिमा लैजान आग्रह गरेका हुन् ।

कोरोनाका कारण वैदेशिक रोजगारीमा गएकामध्ये कति घर फर्किएलान् र फर्किए तथा तीनलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय आफैंमा चुनौतीपूर्ण रहेको भन्दै चेम्बरले आर्थिक क्षेत्रमा यसको सिधा असर बैंकमा तरलता अभाव र विदेशी विनियम सञ्चितिमा पर्ने देखिएको जनाएको छ। चेम्बरको सुझावमा निर्यात व्यापारलाई मूल्य अभिवृद्धिका आधारमा निर्यात अनुदान दिने नीति अपनाउनुपर्ने, ३० प्रतिशतसम्मको भ्याल्यू अडिसनमा पाँच प्रतिशतका नगद अनुदान दिनुपर्ने उल्लेख गरिएको छ ।

राष्ट्र बैंकको पुनःकर्जालाई अधिकतम वृद्धि गरी प्रभावित क्षेत्रको अवस्थाका आधारमा सबै प्रकारका साना घरेलु, मझौला तथा ठूला उद्योगलगायत निर्यात तथा अन्य व्यावसायिक क्षेत्रलाई समेत दीर्घकालीन कर्जा उपलब्ध गराउनुपर्ने र प्याकेजको आकार कूल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतभन्दा कम हुन नहुने जनाएको छ ।

रुग्ण भएका ऊर्जाका आयोजनालाई पुनरुत्थान गर्न पाँच प्रतिशत ब्याजदरमा ऋण सुविधा उपलब्ध गर्नुपर्ने, आन्तरिक पर्यटनतर्फ कोरोनाको प्रभाव कम हुनेबित्तिकै अघि बढाउनु आवश्यक रहेकाले सरकारले अनिवार्यरूपमा वर्षको एकपटक निजामती तथा संगठित संस्थाका कर्मचारी र आमनागरिकलाई प्रोत्साहन प्याकेजसहित आन्तरिक भ्रमणका लागि प्रेरित गर्न सुझाव दिइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, कार्यकारी सम्पादकः कमलराज राई